# प्रभाव दैनिक
National Daily

वर्ष १० अंक २२९ काठमाडौं मंगलबार, ३ पुस २०८० Prabhab National Daily Tuesday, December 19, 2023 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-



**प्लास्टिकको प्रयोग नगरौं, वातावरण स्वस्थ राखौं**

- प्लास्टिक चार सय वर्षसम्म कुहिंदैन ।
- यसले जमिन तथ जल प्रदूषण गर्दछ ।
- प्लास्टिकका भाँडामा तातो खाद्य पदार्थ खाँदा क्यान्सर जस्तो घातक रोग लाग्न सक्दछ ।
- प्लास्टिक जलाउँदा वायुमण्डल प्रदूषित हुन्छ ।
- खोलानाला वा समुन्द्रमा प्लास्टिक परे पानी प्रदूषित हुन्छ ।

त्यसैले प्लास्टिकको सट्टा कागज र कपडाले बनेका झोला प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


नेपाली वायु सेवा इयूको कालोसूचीमा किन ?

# निगमका अधिकारीको जवाफ गोलमटोल



**सोमबार प्रतिनिधिसभाअन्तर्गत अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारी ।** *तस्बिर: प्रभाव*

- युरोपियन कमिसनले मंसिर १४ गते बिहीबार एक प्रतिवेदन सार्वजनिक गर्दै नेपाली वायु सेवा कम्पनीलाई युरोपेली मुलुकको आकाश प्रयोगमा लागेको प्रतिबन्धलाई निरन्तरता दियो
- कालोसूचीबाट हटाउन किन मानेन इयूले ? यही कारण बुझ्न प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले सोमबार सिंहदरबारमा निगमका अधिकारीहरूलाई डाकेको थियो
- निगमका अधिकारीबाट चित्तबुझ्दो जवाफ नपाएपछि सांसदहरूले यस विषमा मन्त्रीलाई नै बोलाएर छलफल गर्नुपर्ने भन्दै अर्को बैठक माग गरे

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली वायु सेवा कतिको सुरक्षित छ ? अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)ले केही वर्षअघि नै नेपाललाई असुरक्षित सूचीबाट हटाइसकेको छ । तर युरोपियन कमिसनको मोभिलिटी एण्ड ट्रान्सपोर्ट डिभिजनले कालोसूचीबाट हटाउन मानेको छैन ।

कमिसनले मंसिर १४ गते बिहीबार एक प्रतिवेदन सार्वजनिक गर्दै नेपाली वायु सेवा कम्पनीलाई युरोपेली मुलुकको आकाश प्रयोगमा लागेको प्रतिबन्धलाई निरन्तरता दिएको हो । गत भदौ अन्तिममा नेपाल आएको इयूको टोलीले नेपाल नागरिक उड्डयन प्राधिकरण, सरकारी ध्वजाबाहक नेपाल वायुसेवा निगम र निजी क्षेत्रको वायुसेवा कम्पनी श्री एयरलाइन्सको जाँच गरेको थियो ।

अडिटपछि नोभेम्बर १४-१६ सम्म ब्रसेल्समा छलफल गरेर एयर सेफ्टी कमिटीले प्रतिवेदन तयार पारेको थियो । कमिटीले सुनुवाइपछि पठाएको इमेलमा नेपालको हवाई सेवा प्रणाली सुधारको दिशामा अघि बढेको पाइए पनि सुरक्षा सूचीबाट हालका लागि हटाउन नसकिने आशय रहेको उनले बताए ।

### समिति नै अलमल हुने जवाफ

कालोसूचीबाट हटाउन किन मानेन इयूले ? यही कारण बुझ्न प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले सोमबार सिंहदरबारमा निगमका अधिकारीहरूलाई डाकेको थियो । तर यो विषयमा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले टालटुले जवाफ दिएर टारे ।

(क्रमशः पृष्ठ २ मा)

सर्वोच्चमा न्यायाधीश नियुक्ति

# अनुमोदनको पर्खाइ

■ **जेबी योञ्जन**




**काठमाडौं–** न्याय परिषद्बाट करिब एक महिनाअघि सर्वोच्च अदालतमा प्रस्तावित छ न्यायाधीशको संसदीय सुनुवाइ सकिएको छ । प्रस्तावित न्यायाधीशहरूको अनुमोदन हुन भने बाँकी छ । अनुमोदन गर्ने कि नगर्ने ? यसबारे भोलि (बुधबार) निर्णय गरिने भएको छ । त्यसका लागि संसदीय सुनुवाइ समितिको बैठक डाकिएको छ ।

समितिले सोमबार प्रस्तावित न्यायाधीशद्वय सुनिल पोखरेल र बालकृष्ण ढकालको सुनुवाइ गरेको थियो । त्यसअघि आइतबार महेश शर्मा पौडेल र टेकप्रसाद ढुंगाना र शुक्रबार भने सारंगा सुवेदीसँगै अब्दुल अजिज मुसलमानको समितिले सुनुवाइ गरेको थियो । पौडेल, ढुंगाना, सुवेदी र मुसलमान उच्चबाट सर्वोच्चमा प्रस्तावित न्यायाधीश हुन् ।

सुवेदी यसअघि उच्च अदालत विराटनगरकी कायममुकायम मुख्य न्यायाधीश थिइन् । उनीविरुद्ध समितिमा दाइजोका कारण हत्या गरिएकी आरती साहका दाजु प्रेम साहले उच्च अदालत जनकपुरमा रहँदा प्रमाणको मूल्यांकन नगरी कसुरदारलाई साधारण तारेखमा छोडेको भन्दै उजुरी दिएका छन् ।

उजुरीमा उनले न्यायाधीश सुवेदीविरुद्ध कार्यक्षमताको अभाव रहेको, निर्णय गर्दा आर्थिक लेनदेनमा संलग्न भएको र न्यायसम्पादन गर्ने क्रममा विवादैविवादले घेरिएको भनी आरोप लगाएका छन् । उनले न्यायाधीश सुवेदीको नाम सर्वोच्चको न्यायाधीशका लागि अनुमोदन नगर्न समितिलाई आग्रह गरेका छन् ।

गत २० असोजमा सर्वोच्चले उच्च अदालत जनकपुरबाट सुवेदीसहितका

- सर्वोच्चका प्रस्तावित न्यायाधीशहरु सारंगा सुवेदी, टेकप्रसाद ढुंगाना, महेश शर्मा पौडेल, अब्दुल अजिज मुसलमान, सुनिल पोखरेल र बालकृष्ण ढकालको संसदीय सुनुवाइ सकियो
- प्रस्तावित न्यायाधीशहरु अनुमोदन हुन बाँकी, भोलि (बुधबार) अनुमोदन हुने/नहुनेबारे निर्णय
- सुवेदी, ढुंगाना र मुसलमानविरूद्ध समितिमा उजुरी

न्यायाधीशले गरेको एउटा आदेश नै उल्टाएको थियो । यसबारे माओवादी सांसद जनार्दन शर्माले प्रस्तावित न्यायाधीश सुवेदीलाई शुक्रबार आत्मालोचनाका गर्न आग्रह गरेका थिए । सुवेदीले भने सीधै इन्कार गरिन् । 'आदेशलाई अन्यथा भयो भनेर क्षमायाचना गर्ने अवस्था रहँदैन । म न्यायिक मूल्यमान्यताअनुसार चलेको छु,' प्रस्तावित न्यायाधीश सुवेदीको जिकिर थियो ।

उनीविरुद्ध सुनुवाइ समितिमा बहुचर्चित ३३ किलो सुनकाण्डमा दुई जना प्रहरी अधिकारीलाई रिहा गर्न दिएको आदेश र बाराका राकेशभक्त पौडेल हत्याकाण्डमा जारी गरेको आदेशलाई लिएर थप दुईवटा उजुरी छन् । अन्य पनि दुई उजुरी उनीविरुद्धमै छन् । उजुरी धेरै परेका कारण उनी सर्वोच्चको न्यायाधीश अनुमोदन हुने/नहुने टुंगो छैन ।

स्रोतका अनुसार उनी प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको चाहना र महिला कोटाबाट न्यायाधीशमा प्रस्तावित हुन् । उनी कांग्रेसनिकट मानिन्छन् ।

सर्वोच्चकै अर्को प्रस्तावित न्यायाधीश मुसलमानविरुद्ध पनि एउटा उजुरी परेको छ । पाटन उच्च अदालतको हेटौंडा इजलासमा रहँदा सम्बन्धविच्छेद् भइसकेकी बुहारीलाई अंश मुद्दा जिताएको आरोपसँग उजुरी सम्बन्धित छ । उनी यसअघि विशेष अदालतका सदस्य थिए ।

शुक्रबार सुनुवाइ समितिमा सांसदहरूले सर्वोच्च अदालतमा मुद्दाको चाप घटाउने कसरी भन्दै प्रश्न गरेका थिए । जवाफमा उनले कजलिस्ट फाइनल गऱ्यो भने मुद्दाको चाप घट्ने बताएका थिए । '५० मुद्दा आयो भने पनि सक्नुपर्छ । यो त्यो भनेर टार्न हुँदैन र यसैमा जनताको भलो छ । न्यायाधीशले काम गर्ने हो, गफ गर्ने होइन,' उनले भने, 'कजलिस्टमा लाग्नुपऱ्यो ४ बजेसम्मै । अल्छी गर्नुभएन, कजलिस्ट हेर्नुपऱ्यो ।' उनी सात वर्षअघि उच्च अदालतमा सिफारिस भएका ८० जना न्यायाधीशमध्ये एक हुन् ।

सुनुवाइ समितिमा उजुरी परेको प्रस्तावित न्यायाधीश ढुंगानाविरुद्ध पनि हो । उनीविरुद्ध उच्च अदालत पाटनमा रहँदा काठमाडौंको तीनकुनेमा रहेको अरुण बहुउद्देश्यीय सहकारी संस्थाको लिलामसँग सम्बन्धित मुद्दामा बढी कबोल गर्नेलाई हराइएको दाबीसहित उजुरी परेको छ ।

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# आप्रवासी श्रमिकको मानवअधिकार संरक्षण गर्न आयोगको आग्रह

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय मानवअधिकार आयोगले अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवसको अवसर पारेर सुरक्षित वैदेशिक रोजगार व्यवस्थापनमा ध्यान दिन सरकारसँग आग्रह गरेको छ । आयोगले आप्रवासी श्रमिकहरूको मानवअधिकार संरक्षण र संवर्द्धनमा लक्षित भई आप्रवासन क्षेत्रमा नेपाल सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमहरू कार्यान्वयनका सम्बन्धमा ध्यान दिन आग्रह गरेको हो ।

आयोगले सोमबार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय आप्रवासन दिवस 'अनरिङ द कन्ट्रिब्युसन अफ माइग्रेन्टस् एण्ड रेस्पेक्टिङ दियर राइटस्' भन्ने नारासहित विश्वव्यापीरूपमा मनाइरहँदा आप्रवासी नेपाली श्रमिकहरूको मानवअधिकार संरक्षणबारे सरकारलाई विगतमा दिइएको ५८ बुँदे सिफरिसको स्मरण गराएको छ । 'आप्रवासी नेपाली श्रमिकहरूको मानवअधिकार संरक्षणका विभिन्न विषयहरूमा २०७९ चैत २१ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई ५८ बुँदामा सिफारिस गरेको आयोग स्मरण गराउँदछ,' आयोगले भनेको छ ।




आप्रवासी नेपाली श्रमिकहरूमाथि हुने शोषण, स्वास्थ्य समस्या, महिला श्रमिकहरूले भोग्नुपरेको यौन दुर्व्यवहार तथा श्रम शोषणजस्ता समस्याहरू विद्यमान रहेको उल्लेख गर्दै आयोगले यस्तो हुनुमा आप्रवासी श्रमिकहरूको न्यायमा सहज पहुँच नहुनु, गन्तव्य मुलुकहरूमा रहेका नियोगहरूबाट अपेक्षित, पर्याप्त तथा समयमै समस्याको सम्बोधन हुन नसक्नु, नेपाल सरकारद्वारा लागू गरिएका नीति, नियमहरू प्रभावकारी रूपमा कार्यान्वयन नहुनुलाई लिएको छ ।

वैदेशिक रोजगारीमा जाने नागरिकहरू ठगीमा पर्नु, घरेलु श्रमिकहरूलाई पूर्वसर्त लागू गरी बन्देजसरहको अवस्थाले गैरकानुनी बाटो रोज्न बाध्य हुने वातावरणको सिर्जना हुनु, वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको मृत्यु, दुर्घटना, लामो समयसम्म हराउनु तथा बेपत्ता हुनु, अलपत्र तथा समस्यामा परेका श्रमिकहरूको समयमै उद्धार तथा स्वदेश फिर्ती हुन नसक्नुजस्ता अवस्थाको अन्त्य गर्न आयोगले विगतमा गरेको सिफारिसको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ ।

पछिल्लो समय युक्रेन, रूस, अफगानिस्तान, म्यानमार, इजरायललगायतका द्वन्द्वग्रस्त देशमा नेपालीहरू जोखिमयुक्त अवस्थामा रहेको सूचना पाइएको भन्दै भारतमा जाने नेपाली श्रमिकहरूको मानवअधिकार संरक्षण विद्यमान राष्ट्रिय कानुनले सम्बोधन नगर्नु अर्को समस्या रहेको आयोगले जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## आप्रवासी श्रमिक दिवसको सप्ताहव्यापी कार्यक्रम सुरू

**काठमाडौं (प्रस)–** सोमबार डिसेम्बर १८ अर्थात् अन्तर्राष्ट्रिय आप्रवासी श्रमिक दिवस विश्वभर विभिन्न कार्यक्रम गरी मनाइएको छ । अन्तर्राष्ट्रिय आप्रवासी दिवस नेपालमा पनि सरकारी, गैरसरकारी, निजी क्षेत्र, ट्रेड युनियन, नागरिक सामाज र आप्रवासी श्रमिक तथा उनीहरूका परिवारले विभिन्न जनचेतनामूलक कार्यक्रम गरी सप्ताहव्यापीरूपमा मनाउँदै छन् ।

अन्तर्राष्ट्रिय दिवसलाई भव्यरूपमा मनाउन यस वर्ष 'आप्रवासीको योगदानको कदर र अधिकारको सम्मान' भन्ने मूल नारा तय गरिएको छ । यस अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले शुभकामना व्यक्त गर्दै देशको आर्थिक र सामाजिक विकासमा आप्रवासी नेपालीको योगदानको प्रशंसा गरेका छन् । 'हाल विश्वव्यापीकरणलगायत विषयले आप्रवासन समाजको अभिन्न अंग बन्न पुगेको छ,' उनले शुभकामना दिंदै भनेका छन्, 'अत्यन्त कठिन परिस्थितिमा पनि आप्रवासनमा रहेर नेपालको आर्थिक र सामाजिक विकासमा पुऱ्याउनुभएको योगदानको उच्च प्रशंसा गर्दै धन्यवाद दिन चाहन्छु ।' (क्रमशः पृष्ठ २ मा)


जनहितमा जारी सन्देश

डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

डेंगीबाट बच्ने उपायहरू

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

## पृष्ठ १ बाट क्रमशः

### अनुमोदनको पर्खाइ...

उनले दुई करोड ५० लाखको कबोललाई अस्वीकार गरी रद्द भएको पहिलेकै एक करोड ८२ लाख कबोल गर्नेलाई मुद्दा जिताएको दाबी उजुरीकर्ताको छ । योबाहेक अन्य दुई उजुरी उनीविरुद्धका छन् ।

उनी यसअघि उच्च अदालत पाटनका न्यायाधीश थिए । उनलाई प्रधानन्यायाधीशको रोलक्रममा अघि बढाउनेगरी न्यायाधीशमा प्रस्ताव गरेको न्यायिकवृत्तमा चर्चा भइरहेको छ । उनी एमालेनिकट मानिन्छन् । उनले आफूविरुद्ध उजुरी दिने पुष्प गुरागाईंमाथि नै प्रश्न गरेका थिए ।

सर्वोच्चकै प्रस्तावित न्यायाधीश महेश शर्मा पौडेल पाटन उच्च अदालतका तत्कालीन कायममुकायम न्यायाधीश हुन् । उनीविरुद्ध पनि समितिमा उजुरी परेका थिएन । सांसदहरूले आइतबार सोधेको प्रश्नको उनले हिंसाले राज्यलाई अपांग बनाउने र भ्रष्टाचारले राज्यको आत्मा नै मार्ने बताएका थिए ।

'आजसम्म ३० वर्ष काम गरेँ । निष्ठा र इमान्दार रहेर काम गरेँ,' उनले भनेका थिए, 'मेरो बाँकी साढे ६ वर्ष छ, चोखो भएरै निस्कन चाहन्छु ।' अन्य प्रस्तावित न्यायाधीशहरू पोखरेल र ढकालको सोमबार सुनुवाइ भएको हो ।

सुनुवाइको क्रममा सांसदहरूसँग पोखरेलले आफू सर्वोच्चको न्यायाधीशमा अनुमोदन भएको अवस्थामा अन्याय नहुनेगरी न्याय सम्पादन गर्ने वचन दिए । 'न्यायाधीश भएँ भने मबाट अन्याय हुँदैन । न्यायाधीशका रूपमा हाम्रो भूमिका भनेको न्यायको नजिक पुग्नु हो,' उनको भनाइ थियो । वरिष्ठ अधिवक्ता भइसकेका उनी नेपाल बार एसोसिएसनका पूर्वमहासचिव हुन् । उनी कांग्रेसनिकट मानिन्छन् ।

अर्का प्रस्तावित न्यायाधीश ढकालले पनि सुनुवाइ समितिमा सांसदहरूसँग न्यायाधीश बन्न मानसिकरूपमा तयार भइसकेको बताएका थिए । उनको भनाइ थियो, 'एकपक्षीय रूपमा ३० वर्ष हेरियो । अब बाँकी जीवन न्यायको दृष्टिबाट हेरौं, राज्यको तर्फबाट हेरौं भन्ने लागेको छ ।' ढकाल सर्वोच्च बार एसोसिएसनका पूर्वसचिव हुन् । उनी एमालेनिकट मानिन्छन् ।

### निगमका अधिकारीको...

मंसिरमा आएको प्रतिवेदनमा के छ ? अंग्रेजीमा रहेको रिपोर्टभन्दा नेपाली नै बेस भन्दै अध्यक्ष अधिकारीले अनुवाद गरिएको पत्र पढ्न थाले । तर नेपाली अनुवाद गरिएको अंश थोरैमात्र भेटिएपछि ब्रसेल्स गएकै निगमका प्रतिनिधिलाई अंग्रेजी प्रतिवेदन पढ्न लगाए । ती प्रतिनिधिले पनि गोलमटोल जवाफ दिए । उनको भाव थियो, 'नेपाली ध्वाजाबाहकलाई मात्र दोष दिन मिल्दैन । उनीहरूले नेपाली वायु सेवा निगमको मात्र हैन निजी हवाई कम्पनीको कार्यक्षमतामाथि पनि प्रश्न गरेका छन् ।' ती प्रतिनिधिको भनाइपछि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद शिशिर खनालले प्रतिवेदनमा नेपालको क्षमतामाथि नै प्रश्न उठाइएको भन्दै बुँदा पढेर सुनाए ।

निकै फितलो प्रस्तुति सुनिएपछि कांग्रेस सांसद प्रकाशमान सिंहले प्रश्न गरे, 'सन् २०१३ देखि नै हो कालोसूची भनेर सुनिरहेको । यसमा निगमले, क्यानले के गरिरहेको छ हामीले थाहा पाउनुपर्‍यो । अपरेसनल र रेगुलेटरी बडी फरक हुनुपर्छ भनेर सुनेको हो । एक्सिडेन्ट भएपछि कमिटी बन्छ अनि त्यसको इमोसन मरिसकेपछि रिपोर्ट आउँछ ।'

प्रश्नमा निगमका कार्यकारी अध्यक्ष अधिकारीले प्रस्ट जवाफ दिएनन् बरु निगमलेमात्रै चाहेर कालोसूची नहट्ने बताए । अधिकारीको आशय पनि एकअर्कालाई दोष थुपारेर केही नहुने भन्नेतर्फ इंगित थियो ।

जवाफ चित्तबुझ्दो नभएको भन्दै समिति सभापति राजकिशोर यादवले बीचबीचमा हस्तक्षेप गरे । अध्यक्ष अधिकारी भने निगमका अपरेसनल डाइरेक्टर नआएकाले आफूले सबै विषयमा जवाफ दिन नसक्ने भन्दै प्रश्नबाट पन्छिए । जसलाई समिति सदस्यले बारम्बार लाचार ढंगले प्रस्तुत भएको भन्दै आलोचना गरे ।

'लिडरलाई त सबै थाहा हुनुपर्‍यो नि । कि केही थाहा छैन भन्नुपर्‍यो । निगममा के भइरहेको छ भन्ने कम्तीमा उहाँले जवाफ दिनुपर्‍यो,' कांग्रेस सांसद विमलेन्द्र निधिले भने ।

अधिकारीले भने आफ्ना कमजोरी ढाकछोप गर्न आफूले जिम्मेवारी लिँदा नौ अर्ब रूपैयाँ फाइदामा रहेको निगमलाई २२ अर्बमा पुर्‍याएको दाबी गरे । विकट क्षेत्रमा उडानका लागि तीनवटा साना जहाज खरिद गर्ने र अन्तर्राष्ट्रिय उडानका लागि एयरबस कम्पनीका तीन न्यारोबडी जहाज भाडामा ल्याउने योजना समितिमा सुनाए ।

चित्तबुझ्दो जवाफ नपाएपछि सांसदहरूले यस विषयमा मन्त्रीलाई बोलाएर छलफल गर्नुपर्ने बताए । नेकपा एमालेका सांसद एकनाथ ढकालले अधिकारीको प्रस्तुतिबाट आफूहरू सन्तुष्ट नभएको बताए । नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले कालोसूचीमा परेको १० वर्षमा भएको प्रयासबारे चित्तबुझ्दो जवाफ नआएकाले सम्बन्धित मन्त्रीलाई बोलाएर छलफल गराउन माग गरे । समितिको बैठक निश्कर्षमा पुग्न नसकेपछि अर्को बैठक बिहीबारका लागि तय गरिएको छ ।

### आप्रवासी श्रमिकको ...

आप्रवासी श्रमिकहरूको मानवअधिकार संरक्षणमा उपलब्धि हासिल गर्न नसक्नुमा नेपाल सरकारका विभिन्न मन्त्रालय र विभागहरूको कार्यक्षेत्र रहेता पनि अन्तरसमन्वय प्रभावकारी हुन नसक्नु तथा वैदेशिक रोजगार व्यवसायलाई जिम्मेवार र उत्तरदायी बनाउन नसक्नुजस्ता समस्या प्रमुख कारण रहेको आयोगको ठहर छ ।

विश्वबजारको माग र समयको गतिशीलताअनुसार रोजगारीका लागि विदेश जाने क्रमलाई देशभित्र उत्तम विकल्प नदिई रोक्न नसकिने अवस्थामा वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाई मानवअधिकार संरक्षणमा सरकारका निति, नियम तथा प्रयासहरू केन्द्रित गर्नुपर्ने बताइएको छ । अतः वैदेशिक रोजगारीमा गएकाहरूले देशको अर्थतन्त्रलाई पुर्‍याएको योगदानको सम्मान गर्दै वैदेशिक रोजगार व्यवस्थापनको विषयलाई राष्ट्रिय महत्त्वका साथ लिन र मतदानको अधिकार सुनिश्चित गर्न तथा उनीहरूको अधिकार संरक्षणमा गम्भीर बन्न आयोगले जोड दिएको छ ।

### आप्रवासी श्रमिक दिवसको...

मन्त्री भण्डारीले वैदेशिक रोजगारीका क्रममा निधन भएका आप्रवासी श्रमिकप्रति श्रद्धाञ्जलीसमेत व्यक्त गरेका छन् । त्यस्तै मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले सुरक्षित तथा मर्यादित श्रमको सुनिश्चितताका लागि सरोकारवाला सबैको समन्वय आवश्यक रहेको बताएका छन् । सबैको एकीकृत प्रयासबाट सकारात्मक नतिजा आउने उनको भनाइ छ ।

त्यसैगरी वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले पछिल्ला वर्षमा द्वन्द्व, असुरक्षा र जलवायु परिवर्तनको प्रभावलगायत कारणले विश्वभरि आप्रवासन बढ्दै गएको बताएका छन् । उनले वैदेशिक रोजगारमा जाँदा सरकारले निर्धारण गरेको प्रक्रियाको पूर्णपालना गर्न पनि आग्रह गरेका छन् ।

सन् १९९० देखि संयुक्त राष्ट्रसंघको अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको अवसरमा हरेक वर्ष डिसेम्बर १८ तारिखका दिन अन्तर्राष्ट्रिय आप्रवासी दिवस मनाउँदै आइएको छ ।

---

गौरीशंकर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुरी, दोलखा ।

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति २०८०/०९/०३

मिति २०८०/०७/२२ मा सार्वजनिक खरिद अनुगमन कार्यालयको website मा प्रकाशित सूचनामा उल्लेखित अन्तिम म्याद भित्र पर्न आएका बोलपत्रहरु मध्ये मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ बोलपत्र स्वीकृतिको लागि छनौट गरिएको आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अकं (मु.अ.कर र PS सहित) |
|---|---|---|---|---|
| १ | 06/GRM/NCB/ Works/R/2080-81 | पानीडाँडा वडा कार्यालय लुकुवा सडक स्तरोन्नति | Kambise Construction & suppliers Pvt. Ltd, Baiteshwor-04, Dolakha | रु.३१,८२,७२८।७१ |
| २ | 07/GRM/NCB/ Works/R/2080-81 | ढिकामाने रेशमडाँडा सडक स्तरोन्नति | Kambise Construction & suppliers Pvt. Ltd, Baiteshwor-04, Dolakha | रु.३०,८२,७९०।५० |
| ३ | 08/GRM/NCB/ WORKS/R/2080-81 | जामुने कसेरी छेसाखारे सडक स्तरोन्नति | Kasturi Builders Pvt. Ltd, Namdu, Dolakha. | रु.२९,८५,२९४।४५ |

प्रमुख प्रशासकीय अधिकृत


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTEGRATED PARKING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८०/०६/०८ पूर्व स्वीकृति मिति २०८०/०९/०२ LT. No.292960 चलानी नं.६०२०८१३५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ticket Collector | 13 | 0 | 1000 | ३६१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः निःशुल्क कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRIGHT STAR STATIONERY LIBRARY

पूर्व स्वीकृति मितिः २०८०/०९/२ LT. No. 296575 चलानी न. ६०२११६५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Sulav Recruitment Pvt.Ltd.**

Maharajgunj, sankhapark, Kathmandu Nepal ,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

Govt. License No. 1336/074/075



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : MENTIGA PLANTATION SDN BHD

पुर्व स्वीकृति मिति २०८०/०१/२१ पुन विज्ञापन स्वीकृति मिति २०८०/०९/०२ LT. No. 285530 चलानी नं. ६०२००९५४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Estate Worker | 1 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Global Dynamic Manpower Solution Pvt. Ltd**

Sinamangal-9, Kathmandu, Nepal. Contact: +977- 9806931497
E-mail: globaldynamics1594@gmail.com

श्रम ईजाजत नं.१५९४/०७९/८०



## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON SECURITY

पुर्व स्वीकृति मिति २०८०/०८/१३ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT No. 295688 चलानी नं. ६०२१०७६३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AER | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 90 | 10 | 1200 | ४३४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष ११ र १४ गते (27 & 30th Dec. 2023) मा हुनेछ ।
सिपी होटल विर्तामोड मितिः २०८० पौष १२ गते (28th Dec. 2023) मा हुनेछ ।
एसिया पाटी प्यालेस बुटवल मितिः २०८० पौष १३ गते (29th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**OM OVERSEAS EMPLOYMENT PVT.LTD**

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 981-6692574
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

Govt. License 1518/074/075


---

### माइग्रेसन हराएको सूचना

मितिः २०८०/०८/०१ गते ललितपुरदेखि काजि गौशाला जाने क्रममा मेरो निम्न व्यहोरा भएको +2 को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : जिवन केसी
रजिस्ट्रेसन.नं.: ६९२५३३०४३
सिम्बोल.नं.: २२५०६५१२
ठेगाना.: महालक्ष्मी ७, ललितपुर
सम्पर्क: ९८५१२८०००६

---

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

**विषय: बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशन मिति: २०८०-९-०३)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आव्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ।

तपसिल:

| S.N. | Bid IFB No. | Name of Projects | Date of 1st Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 010/Works/NCB/KM/080/081 | Chaturmukhi Sa ba U sa through Khukuri Chowk to East Buddha Chowk, black top | 2080-07-24 (BS) | 53,33,181.69 | Nava You Nirman Sewa, Jutpani Chitwan, Nepal | |

प्रमुख प्रशासकीय अधिकृत

# जाजरकोटमा राहत सामग्री सजिलो ठाउँमा मात्र केन्द्रित

**जाजरकोट–** गत कात्तिक १७ गते आएको भूकम्पबाट जनधनको क्षति भएका ठाउँमा सहयोगका लागि गरिएका प्रयास सजिलो ठाउँमा बढी केन्द्रित भएको आरोप लागेको छ। दुर्गमभन्दा सुगममा मात्र सहयोगी निकाय केन्द्रित भएको बारेकोट गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीले बताए।

सबैभन्दा बढी चिसो तथा दुर्गम पालिका बारेकोट भए पनि राहत वितरण तथा अस्थायी आवास निर्माणमासमेत पक्षपात भएको अध्यक्ष गिरीको आरोप छ। भूकम्पको केन्द्रबिन्दु बारेकोट-१ रामीडाँडामा रहेको थियो। मानवीय क्षति नभए पनि भौतिक क्षति बारेकोटमा व्यापक भएको जनाउँदै गिरीले राहत वितरण कार्य सुगममा मात्र केन्द्रित हुँदा आफूहरू हैरान भएको जानकारी दिए।

उनका अनुसार अधिकांश पीडित त्रिपालभन्दा बाहिर रहेका छन्। राज्यबाटसमेत राहत वितरणमा बारेकोटलाई भेदभाव गरिएको उनको आरोप छ। वर्षायाम लाग्नेबित्तिकै बारेकोटमा ठूलो समस्या आउने उनी बताउँछन्। पाँच हजार ५८६ अस्थायी टहरा निर्माण गर्नुपर्नेमा बारेकोटमा हालसम्म १५० टहरामात्र निर्माण भएका छन्।

उनका अनुसार आर्थिकरूपमा कमाउन जाने जनशक्ति अस्थायी आवास निर्माणको कामदेखि अन्य काममा लाग्दा घरको आर्थिक भार कसरी समाधान होला भन्ने ठूलो चिन्ता बढेको छ। विद्यालय सञ्चालन गर्नका लागि टेन्ट ल्याएर राखिएको भए पनि त्यसमा प्रयोग हुने अन्य सामान नहुँदा हैरानी भएको अध्यक्ष गिरीले बताए।

भूकम्प गएको ४५ दिन पूरा हुँदासम्म अस्थायी आवासदेखि विद्यालयमा अस्थायी संरचना निर्माण हुन नसक्नु विडम्बना भएको पीडितहरू बताउँछन्। प्रदेश सरकारले सार्वजनिक संरचना निर्माण गर्ने भनि गरिएको कार्यसमेत अहिलेसम्म सुरु भएको छैन। खानेपानी, सिँचाइ, भवन, स्वास्थ्य कार्यालय, प्रहरी कार्यालय सबै सार्वजनिक निकायको पुनर्निर्माण प्रदेश सरकारले बनाउने आर्थिक मामिला तथा योजनामन्त्री वेदराज सिंहले बताए पनि त्यो कार्य अझै सुरु भएको छैन। प्राविधिक भूकम्पबाट क्षति भएको ठाउँमा गएर मूल्यांकन गरी पुनर्निर्माणका लागि लगत संकलन गर्नुपर्नेमा अहिलेसम्म हुन सकेको छैन।

भूकम्पबाट क्षति भएका संरचनाको पुनर्निर्माणदेखि अस्थायी आवास निर्माणमासमेत आफ्नो भूमिका खोजेको प्रदेश सरकारले आफूले लिएको जिम्मेवारीसमेत बहन गर्न नसकेको आरोप लागेको छ। रुकुमपश्चिमको आठबिसकोट नगरपालिकाका प्रमुख रवि केसीले निर्माण गरिएका अस्थायी आवासमा शौचालय नहुँदा समस्या भएको बताए। विद्यालय पूर्णरूपमा सञ्चालन गर्न अन्य व्यवस्थापनको पनि समस्या भएको उनको भनाइ छ।

मंसिरभित्र अस्थायी आवास निर्माण गरिसक्ने भनिए पनि पुस लागिसक्दा २० प्रतिशत पनि काम नहुँदा सर्वसाधारण चिसोले हैरानी खेपिरहेका छन्। चिसो बढे पनि अस्थायी आवासका लागि रकम नआएको भन्दै नलगाड नगरपालिका-४ का हरि रावलले आक्रोस व्यक्त गरे।

मंसिर १३ गते बसेको मन्त्रिपरिषद्को निर्णयले जाजरकोट भूकम्पबाट प्रभावितको अस्थायी आवास निर्माणका लागि नेपाल प्रहरी, नेपाली सेना र सशस्त्र प्रहरी बललाई खटाउने निर्णय गरे पनि अहिलेसम्म सुरक्षा निकाय अस्थायी आवास निर्माणमा परिचालित हुन सकिरहेका छैनन्।

प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले सेना, प्रहरी र सशस्त्रलाई परिचालन गर्नका लागि तयारी भइरहेको बताए। त्यसका लागि कुन ठाउँमा कति टोली खटाउने, कस्तो जनशक्ति खटाउने र सामग्रीको व्यवस्थापन कसरी गर्ने भन्ने विषयमा छलफल भइरहेको उनको भनाइ छ। *रासस*

## भूकम्पप्रभावित क्षेत्रमा पत्रकार महासंघको टोली

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघले भूकम्पप्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिममा स्थलगत टोली पठाएको छ। महासंघले वरिष्ठ उपाध्यक्ष रमेश विष्ट, महासचिव रोसन पुरी र कोषाध्यक्ष कलेन्द्र सेजुवाल रहेको टोली भूकम्पप्रभावित जिल्ला पठाएको हो। टोलीले भूकम्पप्रभावित जिल्लाका सञ्चारकर्मी र सञ्चारमाध्यमहरूको पछिल्लो अवस्थाका बारेमा स्थानीय सञ्चारकर्मीहरूसँग छलफल गर्ने महासंघले जनाएको छ।

जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भएर गत कात्तिक १७ गते राति गएको भूकम्पले रुकुम पश्चिम, जाजरकोट र सल्यानका सञ्चारकर्मी र सञ्चारमाध्यम प्रभावितछन्।यसबाटसञ्चारमाध्यम र सञ्चारकर्मीसमेत प्रत्यक्ष प्रभावित भएका छन्। प्रारम्भिक जानकारीअनुसार जाजरकोट र रुकुमपश्चिमका५६जनापत्रकारको घर र १० वटा सञ्चारमाध्यमका कार्यालय भवनमा क्षति पुगेको महासंघले जनाएको छ। 'टोलीले भूकम्पप्रभावित जनताको अवस्थाका बारेमासमेत स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गर्ने छ,' महासंघले सोमबार विज्ञप्तिमार्फत भनेको छ, 'भूकम्पप्रभावित सञ्चारकर्मी र सञ्चारमाध्यमलाई महासंघले आर्थिक राहतसमेत वितरण गर्ने छ।' टोली आज मंगलबार जाजरकोट प्रस्थान गर्ने महासंघले जनाएको छ।


तु-आवश्यकता

यस कम्पनीका लागि कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरूबाट आफ्नो बायोडाटासहित यससिघ्र सम्पर्क नर्गुहुन अनुरोध गरिन्छ।

डकुमेन्टेशन अफिशर
१ महिला

नोट: साउदीमा कम्तिमा २ (दुई) वर्ष काम गरेको र सम्बन्धित क्षेत्रमा ज्ञान भएकालाई विषेश प्रथामिकता सहित आकर्षक तलब सुविधा

TARGET
Target Consultant Human Resources Pvt. Ltd.
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977-015911250/015911251
+977 984-3517714, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

बोलपत्र आह्वान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८०/०९/०३

यस गाउँपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्य राष्ट्रिय स्तरको खुल्ला विद्युतीय बोलपत्र खरिद प्रक्रियाको माध्यमबाट मात्र खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरुका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कर्यालयको वेबसाईट http://www.aiselukharkamun.gov.np, सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट https://www.bolpatra.gov.np/egp, यस कार्यालयको सूचनापाटी तथा कार्यालय समयमा कार्यालयको प्राविधिक शाखामा सम्पर्क गर्न सकिनेछ।

बोलपत्र सम्बन्धी विवरण

| Contract Id. No: | Description of Work | Last Date and Time for Bid Submission | Date and Time of Bid Opening | Bid Security amount (NRs.) | Cost of Bid Document (NRs.) |
|---|---|---|---|---|---|
| ARM-KHO-07/2080-081/NCB/Works | Construction of Tribhuvan Ma.Vi. Hostel Building at Aiselukharka, Khotang | 2080/10/04 (18 Jan, 2024) 12:00 Hrs. | 2080/10/04(18 Jan, 2024) 13:00 Hrs. | 2,30,000 | 3,000/- |

प्रमुख प्रशासकीय अधिकृत



कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DOHA BEAUTY CENTRE

पूर्व स्वीकृति मिति २०८०/०९/०२ | LT. No 296556 | चलानी नं. ६०२११६५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hair Beautican | 0 | 3 | 1700 | ६२,८०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hanna Beautician | 0 | 2 | 1700 | ६२,८०० | | | | | | | |
| 3 | Manicurist | 0 | 1 | 1700 | ६२,८०० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Superb For Ultimate Manpower Solution Pvt.Ltd
Maligaun, Naxal, (Brihaspati School) Kathmandu, Nepal
Tel : +977-1-4521448 E-mail : info@superbultimate.com
Webiste :www.superbultimate.com



मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEKAWAN SECURITY SDN BHD

पूर्व स्वीकृति मिति : २०८०/०३/२६ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ | LT. No.289216 | चलानी नं. ६०१७५४३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Dulsco Human Resources Pvt. Ltd.   श्रम ईजाजत नं. ५००/०६१/०६२
Om Nagar-9, Sinamagal, Ktm, Nepal. Tel: +977-1-4111227, 4111228, 4111229, 4543010
Mobile: 9702290841, 9803202140, 9815039898, 9841423329



कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHRIMP WEDDING RESTAUTANT COMPANY

पुर्व स्वीकृति मिति २०८०/०३/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ | LT No. 288049 | चलानी नं.६०२०३०९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 150 | ६५,१७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | waiter | 1 | 0 | 125 | ५४,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले   सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np
श्रम ईजाजत नं. ३०१/०५९/०६०



मण्डनदेउपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महादेवस्थान, काभ्रेपलाञ्चोक
फोन नं. ०११४१२११३

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०९/०३)

यस नगरपालिकाको निम्न मितिका सूचना बमोजिम यस नगरपालिका भित्र रहेका तपसिल बमोजिमको योजनाहरुको निर्माण कार्यको लागि अनलाइन मार्फत प्राप्त बोलपत्रहरुको प्रस्ताव निम्न मितिमा खोलिएको र उक्त बोलपत्रहरुको मुल्यांकन गरि सारभुतरुपमा प्रभावग्राही रहेको र न्यूनतम रकम कबोल गर्नेलाई छनौट गर्ने हुँदा तपसिलका योजनाहरुको लागि तपसिल बमोजिमका बोलपत्रदाता छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| कार्य नं | सूचना मिति | बोलपत्र खोलिएको मिति | योजनाको नाम | प्रस्तावदाताको नाम/ठेगाना | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|---|---|
| 10/Works/ NCB/ MDM/080/81 | २०८०/०७/१७ | २०८०/०८/१७ | Mandandeupur Nagarpalika ward no 6 antargat purwadhar nirman tatha starunnati pariyojana | Royal Himalayan Builders, Kavre | रू २८,७४,७६८।८७ (अठाइस लाख चौहत्तर हजार सात सय अर्सठी रूपैयाँ सत्तासी पैसा मात्र) |
| 13/Goods/ NCB/ MDM/080/81 | | | Procurement and Installation of computer, Printer and Smart T.V | Standard Computer International Pvt.Ltd, kathmandu | रू २५,८८,८३०।०० (पच्चिस लाख अठासी हजार आठ सय तिस रूपैयाँ मात्र) |
| 14/Works/ NCB/ MDM/080/81 | | | Mandandeupur wada no 2 ko Baluwapati Birthing Centre Nirman ra Sahari Swastha Clinic, Wada no 6 Gairebesaune Khop Kendra ra Bhimsen Parabe Bhawan Tatha Wada no 10 ko Majhigaun Bal Bikash Kendra Tala Thap Yojanaharu | M.S Consruction, Kavre | रू ५३,३३,९०९।८ (त्रिपौन्न लाख तेतिस हजार नौ सय नौ रूपैयाँ अस्सी पैसा मात्र) |
| 15/Works/ NCB/ MDM/080/81 | | | Wada no 5 ko sallebas-Khatichaur-Gairebesaune Sadak | Suvaramva Nepal construction Pvt.Ltd, Kavre | रू ३०,९८,८८४।६४ (तिस लाख अन्ठानब्बे हजार आठ सय चौरासी रूपैयाँ चौसठी पैसा मात्र) |
| 16/Works/ NCB/ MDM/080/81 | | | Ward No 3 Vitraka Bibhinna Yojanaharu | Royal Himalayan Builders, Kavre | रू १२,२२,७७३।४४ (बाह्र लाख बाहिस हजार सात सय त्रियत्तर रूपैयाँ चवालिश पैसा मात्र) |
| 17/Goods/ NCB/ MDM/080/81 | २०८०/०७/२४ | २०८०/०८/२६ | Pashu Upachar Sewa, Veterinary Ausadi tatha upakaran Kharid, dhuwani tatha bitaran | Kavre Veterinary Center, Kavre | रू १३,२६,७४४।३ (तेह्र लाख छबिस हजार सात सय चवालिस रूपैयाँ तिस पैसा मात्र) |
| 18/Works/ NCB/ MDM/080/81 | | | Simadaha Fedi Khola Niyantran | SRS Waiba Construction, Kavre | रू १४,०७,२०४।७ (चौध लाख सात हजार दुई सय चार रूपैयाँ सत्तरी पैसा मात्र) |
| 19/Works/ NCB/ MDM/080/81 | | | Ward No 11 ka Bibhinna Yojanaharu | Gautam & Aarabh Construction Pvt. Ltd, Panchkhal | रू १५,२९,६७४।०९ (पन्ध्र लाख उन्नान्तिस हजार छ सय चौवत्तर रूपैयाँ नौ पैसा मात्र) |
| 20/Works/ NCB/ MDM/080/81 | | | Ward no 11 Bitraka Khanepani tatha Sichai Yozana | Royal Himalayan Builders, Kavre | रू १२,१८,१७१।२७ (बाह्र लाख अठार हजार एक सय एकहत्तर रूपैयाँ सत्ताइस पैसा मात्र) |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विद्यार्थीलाई ‘उल्लु’ बनाउने त्रिवि

सोमबार दशरथ रंगशालामा त्रिभुवन विश्वविद्यालयको ४९औं दीक्षान्त समारोह हुँदै थियो। दीक्षान्त समारोहमा २० हजारभन्दा बढीलाई दीक्षित गर्ने त्रिविको तयारी थियो। जेठ मसान्तसम्ममा उत्तीर्ण भएका करिब ७३ हजारमध्ये अधिकांश उपस्थित हुनेमा ढुक्क त्रिवि प्रशासनले आइतबारबाटै ‘गिनिज वर्ल्ड रेकर्ड’मा दाबी गर्ने समाचार फैलायो।

गिनिज वर्ल्ड रेकर्ड विश्वमा हुने गरेका अनौठा घटनाहरूको तथ्यांक राख्ने चर्चित संस्था हो। त्यसैले पनि यसमा नाम लेखाउनुलाई रोचक तथा प्रतिष्ठाको विषय मानिन्छ। कतिपय विद्यार्थी यही रेकर्ड राख्ने भनेर पनि उत्साहित भएर दीक्षान्त समारोहका भाग लिन रंगशाला पुगे।

अधिकांश सञ्चारमाध्यमले यसलाई गिनिज रेकर्ड नै भनेर दाबी गर्दै समाचार लेखे। यसमा कार्यवाहक उपकुलपति डा. शिवलाल भुसालको भनाइ प्रस्तुत गरिएको थियो। तर जब त्रिविले विश्व रेकर्ड राखिएको भन्दै पाएको प्रमाणपत्र सार्वजनिक भयो, उक्त संस्था गिनिज वर्ल्ड रेकर्ड ठहरिएन।

प्रधानमन्त्री दाहाललाई तातातो थमाइएको प्रमाणपत्र रहेछ ‘अफिसियल वर्ल्ड रेकर्ड’को। त्यसो त त्रिविले एकैपटक २६ हजारभन्दा बढी विद्यार्थीलाई एकैपटक दीक्षान्त गरेको भन्दै ‘वर्ल्ड बुक अफ रेकर्ड्स्’ले पनि प्रमाणपत्र दिएको छ। यही प्रमाणपत्रका अहिले त्रिवि रमेको देखिन्छ। दैनिक स्नातकबाट ‘ड्रप आउट’ गर्दै वैदेशिक रोजगारीका लागि देश छाडेको तथ्य एकातिर छ भने विद्यार्थी नपाएर स्नातकोत्तर तहको भर्ना अवधि लम्ब्याएको व्यथा अर्को छ।

यस्तो अवस्थामा त्रिविले सान देखाएर झूठको साहरा लिनु अचम्मैलाग्दो विषय हो। नेपालको एकमात्र विश्वासिलो र बलियो शैक्षिक संस्थाका रूपमा चिनिएको त्रिविको नेतृत्वले जनतालाई दिनदहाडै उल्लु बनाउने काम गरेको छ। त्रिविले अफिसियल वर्ल्ड रेकर्ड भन्दा के फरक हुन्थ्यो र ? विद्यार्थी आउँथे, खुसीसाथ। दीक्षित भएर जान्थे। अफिसियल वर्ल्ड रेकर्डभन्दा मन अमिलो वा सानो भन्ने हुन्न। वर्ल्ड बुक अफ रेकर्ड्स् भन्दा पनि अपमान हुने होइन। तर सबैभन्दा विख्यात भन्दै गिनिज वर्ल्ड रेकर्डको नाम बेचेर ‘मिसलिड’ गर्नु गुरुहरूकै गुरु मानिने त्रिविको उच्च पदाधिकारीबाट हुनु खेदजनक काम हो।

अर्को विषय प्रधानमन्त्री दाहालको सचिवालयले पनि यो गल्तीलाई निरन्तरता दिएको देखिन्छ। प्रधानमन्त्री दाहालका स्वकीय सचिव रमेश मल्लले सामाजिक सञ्जालमा यस्तो वक्तव्य राखेर भ्रमित पार्ने काम गरेका छन्। प्रधानमन्त्रीका स्वकीय सचिवको स्टाटस वा वक्तव्यलाई विश्वसनीय मान्दै समाचार तयार पार्नेदेखि विचार तयसम्म हुन्छ। त्यसैले यस्तो विषयमा अबका दिनमा त्रिवि गम्भीर बनोस्, प्रधानमन्त्रीको सचिवालयले पनि ख्याल गरोस्।

# गलत सूचनाको महामारी



▸▸ डा. केदार कार्की

> सामाजिक सञ्जालमार्फत मान्य र अवैध जानकारीको व्यापक प्रवाहले जनतालाई तथ्य र काल्पनिकबीचको भिन्नता छुट्याउन गाह्रो बनाउन सक्छ। गलत जानकारीको फैलावटले प्रमाणमा आधारित हस्तक्षेपहरुको कार्यान्वयनलाई कमजोर बनाउन सक्छ र सरकार, सार्वजनिक स्वास्थ्य एजेन्सीहरु र वैज्ञानिक विशेषज्ञताको विश्वसनीयतालाई कमजोर पार्न सक्छ। फलस्वरूप, सार्वजनिक संस्थाहरु र अधिकारीहरुप्रति बढ्दो अविश्वासले जनस्वास्थ्यलाई खतरामा पार्न सक्छ।

गलत सूचना एक विश्वव्यापी समस्या हो। कोभिड-१९ भाइरसको महामारी र खोपहरूको बारेमा व्यापक गलत जानकारी फैलाइएको थियो। युक्रेनमा चलिरहेको युद्धले द्वन्द्वमा भूराजनीति र गलत सूचनाको भूमिकालाई हाइलाइट गर्दछ। र, अमेरिकादेखि ब्राजिल, केन्या, फिलिपिन्स र भारतसम्म सबै ठाउँमा चुनावको बेला प्रवा हुने गलत सूचनाले लोकतन्त्र र मानव प्रगतिलाई खतरामा पार्ने समस्यालाई औंल्याउँदछ।

तर समस्या सिलिकन भ्यालीको सामाजिक सञ्जाल प्लेटफर्महरू र उनीहरूले सिर्जना गर्ने आर्थिक, राजनीतिक र पहिचान प्रोत्साहनहरूसँग धेरै हदसम्म जोडिएको भएता पनि यो स्पष्ट छ कि समस्यामा धनी पश्चिमा देशहरूका बाहिर विशेष रूप छन् जुन अनुसन्धान समुदायमा कम बुझिएको छ, कम जाँच गरिएको छ।

सामाजिक र मनोवैज्ञानिक शक्तिहरू गलत सूचनाको आदानप्रदान र विश्वासलाई कुनै सजिलो समाधान नभएको स्थानीय समस्या बनाउन एकजुट भइरहेका छन्। हामी गलत सूचना र स्पष्टरूपमा गलत जानकारीको युगमा छौं। यस प्रवृतिलाई सहयोग गर्ने धेरै खराब कलाकारहरू छन्। तर केही विज्ञहरू विश्वास गर्छन् कि वास्तविक चालकहरू सामाजिक र मनोवैज्ञानिक शक्तिहरू हुन् जसले मानिसहरूलाई पहिलो स्थानमा गलत जानकारी साझा गर्न र विश्वास गर्न नेतृत्व गर्दछ। र, ती शक्तिहरू बढ्दै छन्। राजनीति र विज्ञानमा विवादास्पद मुद्दाहरूको बारेमा गलत धारणाहरू किन यति निरन्तर र सच्याउन गाह्रो छन् ? यो राम्रो जानकारीको कमीको कारण होइन, जुन सर्वव्यापी छ। राम्रो जानकारीले जे भए पनि सही विश्वासहरू उत्पादन गर्दैन। प्रमाणको बढ्दो निकायले सुझाव दिन्छ कि अन्तिम अपराधीहरू संज्ञानात्मक र मेमोरी सीमितताहरू, केही समूह पहिचान वा अवस्थित विश्वासको रक्षा गर्न वा समर्थन गर्न दिशात्मक प्रेरणा र अन्य व्यक्तिहरू राजनीतिक अभिजात वर्गका सन्देशहरू हुन्।

अझ सरलरूपमा भन्नुपर्दा, तीनवटा कुरा हुँदा मानिसहरू गलत जानकारीका लागि बढी प्रवल हुन्छ। पहिलो, र सायद सबैभन्दा महत्त्वपूर्ण, जब समाजमा परिस्थितिहरूले मानिसलाई सामाजिक वैज्ञानिकहरूले समूहीकरणका लागि ठूलो आवश्यकता महसुस गराउँदछ, उनीहरूको सामाजिक पहिचान बल र श्रेष्ठताको स्रोत हो, र अन्य समूहहरू उनीहरूको समस्याका लागि दोषी छन् भन्ने विश्वास गर्न सकिन्छ। जति हामी आफूलाई तर्कसंगत प्राणीको रूपमा सोच्न चाहन्छौं, जसले सत्यको खोजीलाई सबैभन्दा माथि राख्दछ, हामी बाँच्नका लागि डिजाइन गरिएको सामाजिक प्राणीहरू हौं। कथित द्वन्द्व वा सामाजिक परिवर्तनको समयमा हामी समूहहरूमा सुरक्षा खोज्छौं। र, यसले हामीलाई जानकारी उपभोग गर्न उत्सुक बनाउँछ, चाहे साँचो होस् वा नहोस्, जसले हामीलाई संसारलाई एक द्वन्द्वात्मक रूपमा देखाउँछ जसले हाम्रो धर्मी समूहलाई बाहिरी समूहको विरुद्धमा खडा गर्छ।

गलत सूचनाको युगको चालक उच्च प्रोफाइल राजनीतिक व्यक्तित्वहरूको उदय हो, जसले आफ्ना अनुयायीहरूलाई पहिचान पुष्टिका लागि प्रोत्साहित गर्दछ। आखिर, चौतर्फी राजनीतिक द्वन्द्वको वातावरणले प्रायः ती नेताहरूलाई फाइदा पुयाउँदछ। त्यसपछि अर्को कारक छ- सामाजिक सञ्जाल जथाभावी फैलाउनेहरूका लागि शक्तिशाली प्लेटफर्म भएको छ। गलत जानकारीका लागि एक व्यापक भेक्टर र अन्य जोखिम कारकहरूको गुणक हो। मिडिया परिवर्तन भएको छ, वातावरण परिवर्तन भएको छ, र यसले हाम्रो प्राकृतिक व्यवहारमा सम्भावित रूपमा ठूलो प्रभाव पारेको छ।

यी शब्दहरू, आशा, आशावाद, विश्वास र सकारात्मकता आज हाम्रो दिमागमा छन्। हरेक बिहान हामी उठ्छौं र आफैंलाई भन्छौं कि दुई वर्षको अनिश्चितताको सामना गरेपछि हामीले यो महामारीबाट सदाका लागि छुटकारा पाउनुपर्दछ। सरकारले यो महामारीको रूपमा फैलिएको दाबी गरेको छ। कुनाको वरिपरि, तर सुरुङको अन्त्यमा उज्यालो मधुरो रहन्छ किनकि दैनिक कोभिड-१९ केसहरूको संख्या बढ्दै गइरहेको थियो। चीनको उहानमा भाइरसको रिपोर्ट हुन थालेदेखि मानिसहरूले जानकारीका लागि गुहार मागिरहेका थिए- अनन्त र निरन्तररूपमा अद्यावधिकका लागि संसारभरि भइरहेका घटनाहरू, नवीनतम चिकित्सा अनुसन्धान निश्कर्षहरू र सबैभन्दा महत्त्वपूर्ण स्थायी समाधान खोजिरहेका थिए। नवीनतम अद्यावधिकहरूका लागि निरन्तर मागले जानकारीको उच्च आपूर्तिको ग्यारेन्टी दिन्छ जसले नक्कली समाचार घटनाहरूको पुनरुत्पादनका लागि जोखिम सिर्जना गर्दछ। पाँच वर्षअघि भाइरसको आगमन भएदेखि नै कोभिड-१९ को बारेमा कुनै पनि उचित अनुसन्धान र अनुसन्धानविना सबैले आफ्नो मन र विचार बाँडिरहेका छन्। हामी उनका लेखहरूमा, उनका अनुमान, परिकल्पना र सिद्धान्तहरू सत्य नबुझेर मुद्दालाई समर्थन गर्ने आशाका साथ पढ्न सक्छौं। अरूले ठूलो संख्यामा अनलाइन आगन्तुकहरूलाई आकर्षित गर्न अपमानजनक कथा र धारणाहरू समावेश गर्ने विज्ञापनहबाट आय आर्जन गर्ने लक्ष्य राख्छन्। सूचनाको यो अज्ञात शृंखला व्यक्तिका लागिमात्र नभई समाजका लागि पनि हानिकारक हुन्छ र अन्ततः राष्ट्रका लागि उपद्रव बन्छ।

सामाजिक सञ्जालको प्रयोग विश्वव्यापी रूपमा बढ्दै गएको छ। सबैभन्दा तीव्र वृद्धि न्यून र मध्यम आय भएका देशहरूमा भइरहेको छ। सामाजिक सञ्जालले सूचना साझेदारीका ढाँचाहरू परिवर्तन गर्दछ, गलत समाचारलगायत गलत जानकारीले मानिसहरूमा जोखिम बढाउँछ। यसले विश्वव्यापी स्वास्थ्यमा महत्त्वपूर्ण प्रभाव पारेको छ। नक्कली समाचारको फैलावटले प्रमाणमा आधारित हस्तक्षेपहरूको कार्यान्वयनलाई कमजोर पार्न सक्छ र वैज्ञानिक विशेषज्ञताको विश्वसनीयतालाई कमजोर पार्न सक्छ। यसले विश्वव्यापी स्वास्थ्यका लागि महत्त्वपूर्ण प्रभाव पार्छ, किनकि सामाजिक सञ्जालमार्फत मान्य र अवैध जानकारीको व्यापक प्रवाहले जनतालाई तथ्य र काल्पनिकबीचको भिन्नता छुटयाउन गाह्रो बनाउन सक्छ। गलत जानकारीको फैलावटले प्रमाणमा आधारित हस्तक्षेपहरूको कार्यान्वयनलाई कमजोर बनाउन सक्छ र सरकार, सार्वजनिक स्वास्थ्य एजेन्सीहरू र वैज्ञानिक विशेषज्ञताको विश्वसनीयतालाई कमजोर पार्न सक्छ। फलस्वरूप, सार्वजनिक संस्थाहरू र अधिकारीहरूप्रति बढ्दो अविश्वासले जनस्वास्थ्यलाई खतरामा पार्न सक्छ।

मानिसहरू गलत सूचनाको चपेटामा पर्दै जाँदा अनलाइनमार्फत ठगी धन्दामा सक्रिय समूहले त्यसको फाइदा उठाउन सक्छन्। अवसरवादीहरूले फाइदा लिन सक्छन्। यसको मतलब यो हुन सक्छ कि प्रलयको दिनको पपुलिस्टहरू सत्तालाई ध्वस्त पार्ने र अल्पसंख्यकहरूलाई नियन्त्रण गर्ने वाचामा खडा छन्। यसको मतलब यो पनि हुन सक्छ कि सरकारी एजेन्सीहरू वा स्वतन्त्र हचाकर समूहहरूले आफ्नै फाइदाका लागि विदेशमा सामाजिक विभाजनहरू भड्काइरहेका छन्। तर संकटको जरा अझ गहिरो छ।

स्वास्थ्यको बारेमा गलत जानकारीको बढ्दो फैलावटले सामाजिक सञ्जाल प्रयोग र सार्वजनिक अविश्वाससँग सम्बन्धित मुद्दाहरूलाई रोक्न र सम्बोधन गर्न अनुसन्धानकर्ताहरू र चिकित्सकहरूलाई समर्थन गर्न दिशानिर्देश गर्न अभिप्रेरित गर्दछ। सार्वजनिक र विश्वव्यापी स्वास्थ्यका मुद्दाहरूमा गलत जानकारीको खण्डन गर्न अवस्थित सिफारिसहरूमा स्पष्ट सन्देश रणनीति विकास गर्ने र जानकारीको उपयुक्त स्रोतहरू प्रदान गर्न जरुरी छ। सार्वजनिक सरोकार र आवश्यकताहरू सम्बोधन गरेर जोखिमयुक्त सञ्चारमा सुधार आवश्यक छ। सूचना प्रविधिको फाइदा उठाउँदै र तथ्य जाँचलाई प्रोत्साहित गर्न सामाजिक सञ्जाल प्लेटफर्महरूसँग साझेदारी गर्दै र जनतामा पुग्न सामाजिक सञ्जाल प्रयोग गर्नुपर्दछ। हामीले समुदायका नेताहरू र अन्य समुदायका सदस्यहरूलाई पनि समावेश गर्नुपर्छ।

## मननयोग्य

### चाणक्य नीति

राक्षसले लामो निःस्वास लिंदै भने- ‘लाग्छ प्रकृति ने अनुकूल छैन त्यसैले सम्पूर्ण उपाय विफल हुँदैछन्।

तर मेरो हृदयाग्नि चाणक्यलाई भष्म नगरी शान्त हुन सक्तैन। म आफ्ना मालिकको हत्याको बदला अवश्य लिन्छु’ अनि अर्कै गुप्तचर आइपुग्यो, उसबाट थाहा भयो। आगामी पूर्णिमामा कौमुदी महोत्सवका साथै विधिपूर्वक चन्द्रगुप्तको राज्याभिषेक हुनेछ। त्यो अत्यन्तै विशाल हुन्छ, जसमा राजाका अधीनमा रहेका राजाहरू र सामन्तहरू, उच्चपदाधिकारी, प्रतिष्ठित नागरिकका तर्फबाट उपहार दिइन्छ।


यस समाचारले राक्षसलाई अन्धकारमा सूर्यको प्रकाश आएजस्तै। त्यस्तै तेज राक्षसको मुखमा पनि आयो र आफ्नो विश्वस्त साथी जीवाक्षलाई बोलाई राक्षसले भने- ‘मित्र ! एउटा नचुक्ने अवसर आएको छ। यसपटक चाणक्यले चन्द्रगुप्तलाई कसरी बचाउँछ हेरौं।

राक्षसले अत्यन्तै भेदयुक्त कुरा जीवाक्षसँग भन्न थाल्यो- ‘तिमी कुमयुरकी प्रसिद्ध नगरवधु सम्मोहिनीकहाँ जाऊ। म एक चिठी उनका नाममा लेख्छु। त्यहाँबाट अत्यन्तै रूपवती विषकन्या पाउनेछ। जो हाउभाउ सँगीत, नृत्यकलामा अनुपम छ’

‘महोत्सवका अवसरमा तिमी एक पर्यटकको भेषमा रही ती विषकन्या चन्द्रगुप्तलाई अर्पण गर्नू। अर्पण गर्नुभन्दा पहिले पाटलीपुत्र (पटना) मा सम्पन्नताको धूमधाम मनाउन प्रतिष्ठित व्यक्तिलाई भोजको निमन्त्रणा दिनू र त्यही अवसरमा सबैलाई ती विषकन्या एकपटक देखाउनु त्यो सुन्दरताको वर्णन महलमा चन्द्रगुप्तसमेतलाई जानकारी होस् विषकन्या आफ्नो अमूल्यनिधि भनी चन्द्रगुप्तलाई उपहार दिनु, तिमी चाँडै जाऊ। हेर ! यी छनक चाणक्यसम्म पुग्नुहुँदैन तिमीले अत्यन्तै बुद्धिमानीसाथ काम गर्नुपर्छ।’

‘जस्तो तपाईंले भन्नुभो त्यस्तै हुन्छ’ भनी जीवाक्ष हिँड्यो। यता पाटलीपुत्र (पटना) मा त्यतिखेरदेखि नै उत्सवको आरम्भ भएको थियो। शहरको विशेष पाहुना घरमा जीवाक्षले काश्मीरी पर्यटक व्यापारी सोमदेव नामले आफ्नो डेरा बनायो। बहुमुल्य भेषभूषा, आश्चर्य लाग्ने ठाँट-बाँटको, अनौठो सँगम थोरै दिनमै सोमदेवको रवाफ बढ्यो।

क्रमशः




▸▸ वैकुण्ठ भण्डारी

# म हुँ आधुनिक सामन्त !

*‘तिमीहरू मेरो अधीनमा बस्नुपर्छ।*
*तिमीहरूले मैले भनेको मान्नैपर्छ॥*
*मेरा लागि मर्न पनि तयार हुनुपर्छ।*
*म बाँचेर पनि तिमीहरू मर्नुपर्छ॥*
*चाहे भोकै हौं या नांगै बस।*
*मेरो सुख, सयल र मोजमस्तीमा॥*
*तिमीहरूले जयजयकार मनाउँनैपर्छ।*
*म तिमीहरूका लागि आधुनिक सामन्त बन्नैपर्छ॥*

‘सामन्तवाद भन्दै संघर्षमा हिँडेको पनि धेरै वर्ष पो बितिसकेछ। कहिले श्री ३ फाल्न, कहिले पञ्चायत फाल्न, कहिले प्रजातन्त्र मास्न अनि अहिले खै के तन्त्र पो मास्न। म मटयाङ्ग्रे छविलाल हुँ। गुलेली पाएसम्म रुखमा बसेका भँगेराहरूलाई पुक्लुक्कै ढाल्न पनि त खप्पिस भएको छु।

बाफ रे बाफ ! त्यस्ता भँगेराहरू त कति ढालियो ढालियो। केटाकेटीमा रामदाइले गुलेली हान्न सिकाएका थिए। मासु खाने लोभमा स्कुल पढ्न छाडेर भँगेरा मार्न हिँडेको अस्तिजस्तै लाग्छ। रामदाइ गुलेली ताक्नेमात्र थिए। भँगेरा मर्छ भन्ने डर थियो उनलाई अनि हाऽ हाऽ गर्दै उडाइदिन्थे। तर मेरो हातमा गुलेली नभए पनि सानो ढुंगाले हानेर भए पनि भँगेरालाई ढाल्थें।

कहिले उतीसको रुख त कहिले बकैनाको रुखमा बसेका भँगेरा मार्नु मेरा लागि खासै ठूलो कुरै थिएन। तर रामदाइ गुलेली ताकेर पनि हात लिगलिग कमाउँथे। सायद उनले त अहिलेसम्म कमिला पनि कुल्चे कि कुल्चेनन् थाहा छैन। तर मैले भान्दाइको घर पछाडिको खोपामा गुँड बनाएका भँगेरालाई पनि छाडिनँ। त्यसैले होला हिजोको दिन सम्झँदै आज मलाई म आधुनिक सामन्त सम्झिरहेको छु। अरुलाई सामन्तवाद सिध्याउनुपर्छ भन्दै हिँड्ने खड्गबहादुरभन्दा म के कम छु र ? म पनि त छविलाल पो हुँ त। म पनि सामन्तवादभन्दा पर कहाँ गएको छु र !

मध्यकालीन युगमा युरोपको सामन्तवाद नपढेको कहाँ हो र ? त्यसैले त मलाई सामन्त बन्ने हुटहुटी जागेको थियो नि। सम्मानित मास्टरी छाडेको झल्लु होस् कि स्वअध्ययन गरेरै भए पनि आफू वादशाह बनाउन खोज्ने खड्गबहादुर होस्। तीभन्दा पनि म के कम छु र ?

हिजो बाले झिम्रिक गाउँ छाडेर ढिँडो खानका गाह्रोले भात खान तराई झारेका थिए। बा गाउँमा निकै विवेकी थिए। गाउँभरिका मानिसहरूले बालाई सम्मान पनि गर्थे। बालाई गाउँलेले गरेको सम्मान र मानलाई देखिसहन नसकेर गाउँ छाड्न बाध्य पारेको झल्झल्ती मैले कहाँ नदेखेको हो र ?

बा, थोरै हाँसो अनि धेरै आँसु गहभरी बनाउँदै रताघरेको आँगनबाट ओरालो लाग्दै झिम्रिक गाउँ छाड्दा पारिघरेको पैरोको बाटोमा नीलकाँडाले मेरो दाहिने खुट्टाले रगताम्मै पारेको पनि मैले बिर्सेको छैन। खुट्टाबाट चुहिएको रगत नरोकिएपछि आमाले पातीको मुण्टा दाहिने हातको बूढी औंलाले देब्रे हातको हत्केलामा बेस्सरी मिचेर त्यसको झोल हाल्दिएपछि रगत बग्न छाडेको थियो।

नीलकाँडाको घोचाइले निकै अत्तालिएको म हिँड्न सक्दै सकिनँ। विचरा नांगो खुट्टा कसरी हिँड्न सक्थे होला र ? तप तप आँखाबाट आँसु चुहाउँदै पारी घरेको पैरोबाट दुम्सीको फाँटमा पुगेपछि भोट दमाईको बारीको डिलमा बाले बस भन्नुभयो।

आमा भने मुण्टो यसो फर्काएर पहेँलै पारेर लिपेको घरतिर नियालिरहनुभएको थियो। बाले आफ्नो शिरमा लगाएको पाल्पाली पुरानो ढाकाटोपीको भित्री कपडा च्यापेर मेरो खुट्टामा बाँधिदिएपछि फेरि झिम्रिक गाउँ नफर्कने गरी सामन्तवादको अन्त्य गर्ने हुटहुटी मनभित्रै नराखेको कहाँ हो र ?

मेरा बा, आमा र मलाई जसरी गाउँबाट विस्थापित गर्न बाध्य पारिएको थियो। त्यो बाध्यता कसैलाई पनि हुन दिन्न भन्ने मेरो मनमा गढि नै रहयो जसरी नीलकाँडा मेरो खुट्टामा गढेको थियो। तर आज परिस्थिति फेरिएको रहेछ। मेरो त्यो सामन्तवादको अन्त्य गर्ने सोच पनि फेरिसकेछ। सामन्तवाद अन्त्य गर्ने त्यो हुटहुटी अहिले मेरो सत्ताको स्वादले उल्टै सामन्तवादी बन्न उत्प्रेरित पो गरिरहेको छ।

आखिर सब भ्रम रहेछ। एउटा सामन्तवादलाई देखाएर आफूलाई आधुनिक सामन्त बनाउन कहाँ चानचुने थियो। कसैलाई मठाधीश बनाउँछु भन्दै भ्रममा नपारेको पनि होइन। कसैलाई न्यायाधीश बनाउनु भनेर भ्रमको खेती नगरेको पनि होइन। सबका सबलाई सामन्तबाट जोगाएर रैती बन्नु हुन्न भनेर नसिकाएको पनि होइन। तर ती सब भ्रम रहेछ। आखिर म त आधुनिक सामन्त बनिसकेको छु।

त्यसबेला रामदाइ गुलेली ताकेर भँगेरा भगाएका रहेछन्। मैले त भँगेरै खसालेरपो आएको हुँ त। मेरो बानी भँगेरालाई भगाउने कहाँ हो र, भँगेरालाई रुखबाट पुक्लुक्क ढाल्ने पो हो त ?

अरुलाई सक्दो उचाल्ने कला छ म मा। भित्तामा पुग्नेगरी फाल्ने तरिका पनि नभएको कहाँ हो र ? त्यसै अहिले म आधुनिक सामन्त बन्न सफल भएको छु र ? ‘चिन्नेलाई श्रीखण्ड नचिन्नेलाई खुर्पाको बिँड’ छविलालको छविलाई नचिन्ने महामुर्खहरूसँग मैले के संगत गर्नु छ र ? आफैंदेखि हाँसो नउठेको पनि होइन। कति बेवकुफहरू छन् भन्ने नलागेको पनि होइन। त्यसैले त होला मलाई आधुनिक सामन्त बनाएका छन्। कहिले जय जयकार बनाउँछन् कहिले धुप आरती पनि गर्छन्।

मैले त झिम्रिक गाउँ बा र आमासँग छाडेको हो त्यही सामन्तले गर्दा। तर म त यस्तो सामन्त हुँ। सबैलाई देशै छाड्ने बनाउँदै छु। म यस्तो आधुनिक सामन्त हुँ। मैले भोगेकोभन्दा पनि धेरै दुःख अरुलाई होस् भन्छु। अरुको भलाइ देख्नै नसकेर गाउँ-गाउँमा मैले भँगेराहरू सिध्याएकै हो। खोपीमा गुँड लगाएको होस् या रुखको हाँगामा बनाएको होस् मैले भत्काएकै हो।

मैले जे पनि गर्न सक्छु। म देखि सारा दुनियाँ थरथरी काँपिरहेका छन्। सबलाई तर्साउन सक्छु। मैले जे गरे पनि सब छुट छ। मेरा साना दुःखले आर्जेको तन्त्र पनि होइन। त्यसैले त त्यो पुरातन सामन्तभन्दा म निकै माथि पो छु त ! आखिर म आधुनिक सामन्त पो हुँ।

मैले जे गर्छु आफ्नै लागि, आफ्नै परिवारका लागि गर्छु। गर्ने त कुरामात्र हो। छर्ने त सबलाई भ्रममात्र हो। समानता भन्ने उखानजस्तै हो, बोल्ने बेलामा आउँछ। गर्ने बेलामा कहाँ धाउँछधाउँछ। म त्यस्तो हिटलर स्वभावको सामन्त हुँ। म त आधुनिक सामन्त हुँ।

लेखनाथ पौड्यालले लेखेजस्तैः
*‘म खाउँ, मै लाउँ, सुख सयल वा मोज म गरुँ*
*म हाँसु मै नाचुँ अरु सब मरुन दुर्बलहरू*
*भनि दाह्रा धस्ने अबुझ सठदेखि छकपरि,*
*चीता खित्का छोडि अभयसित हाँस्यो मरिमरि’*
*म त्यही मेरा विश्वासिला भ्रममा बाँचेकाहरूले बनाएको आधुनिक सामन्त हुँ।*

# रामकलेवा विधिसँगै सकियो विवाहपञ्चमी महोत्सव



**धनुषा–** सप्ताहव्यापी कार्यक्रम विवाहपञ्चमी महोत्सव सम्पन्न भएको छ । सोमबार रामकलेवा विधि भएसँगै यस वर्षको विवाहपञ्चमी महोत्सव सम्पन्न भएको हो ।

आइतबार राति वैदिक परम्पराअनुसार प्रतीकात्मक भगवान राम र सीताको विवाह जानकी मन्दिरमा भएपछि सोमबार रामकलेवा विधि गरिएको छ । जसअन्तर्गत भारत र अन्य स्थानबाट आएका साधुसन्त तथा श्रद्धालुलाई ३६ प्रकारका व्यञ्जनसहित भोजन र दक्षिणा दिएर बिदाइ गरिएको छ ।

जानकी मन्दिरका छोटे महन्थ रोषणदास 'वैष्णव'ले रामकलेवाअन्तर्गत सोमबार करिब १० हजार साधुसन्त र श्रद्धालुलाई ३६ व्यञ्जनको भोजन गराइएको जानकारी दिए । उनका अनुसार मिथिला भोजनमा दाल, भात, चार प्रकारका तरकारी, दही, झोरी, बरी, अचार, मिठाईसहित ३६ प्रकारका व्यञ्जन समावेश गरिएको थियो ।

साधुसन्तलाई कम्बल, दोसल्ला र नगद दक्षिणासमेत दिइएको सहायक महन्थ वैष्णवले जानकारी दिए । उनले भने, 'जन्तीलाई विशेष भोजन र दान दक्षिणा दिएर बिदाइ गर्ने चलन छ । आज त्यो चलनलाई निरन्तरता दिएका छौं । साधुसन्तलाई २०० देखि ५०० रूपैयाँसम्म दक्षिणा दिएर बिदाइ गरेका हौं ।'

भगवान रामको जन्मभूमि भारतको अयोध्याबाट हरेक पाँच वर्षमा जन्ती आउने परम्परा रहेको छ । यस वर्ष पनि लाखौं श्रद्धालु र साधुसन्त विवाह पञ्चमीमा सहभागी भएका जनाइएको छ । एक साता बढीदेखि विवाहपञ्चमीका लागि भरिभराउ जनकपुरधामबाट गएराति सीताराम विवाह सम्पन्न भएलगत्तै श्रद्धालु भक्तजन फर्किन थालेका छन् ।

विवाहपञ्चमी महोत्सवअन्तर्गत पहिलो दिन नगर दर्शन, दोस्रो दिन फूलबारी लीला, तेस्रो दिन धनुष यज्ञ, चौथो दिन तिलकोत्सव र पाँचौं दिन मटकोर विधि, छैटौं दिन स्वयंवर र राति वैवाहिक कार्यक्रम तथा अन्तिम दिन सोमबार रामकलेवा विधि गरी महोत्सव सम्पन्न गरिएको हो । *रासस*

# सरकारी निकायमा दोभाषे राख्ने मुख्यमन्त्री कार्कीको प्रतिबद्धता

**मोरङ (प्रस)–** कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले कोशी सरकार मातहतका अस्पताललगायत सरकारी कार्यालयमा कार्यविधि बनाएर दोभाषे राख्ने बताएका छन् । राष्ट्रिय बहिरा महासंघ नेपाल, कोशीले मुख्यमन्त्री कार्कीलाई ज्ञापनपत्र बुझाएपछि उनले उक्त प्रतिबद्धता जनाएका हुन् ।

प्रदेश सरकार मातहतका अस्पतालमा राखेका दोभाषेलाई जिल्ला बहिरा संघ मातहत राखेर परिचालन गर्न माग गरेपछि मुख्यमन्त्री कार्कीले कार्यविधि बनाएर प्रदेश मातहतका सरकारी कार्यालयलगायत प्रत्येक सार्वजनिक कार्यक्रममा दोभाषे राख्ने व्यवस्था गर्ने बताए ।

मुख्यमन्त्री कार्कीले प्रतिस्थापन विधेयकमार्फत आएको बजेटमा बहिरा समुदायका लागि बजेट व्यवस्थापन गरेर अभिभावकको भूमिका निर्वाह गरेको पनि सो अवसरमा बताएका थिए । उनले दोभाषेको पेसागत सीप विकासका लागि सरकारले काम गर्ने उल्लेख गर्दै आवश्यक नीति नियम बनाउँदा महासंघलाई सहभागिता गराउने कुरामा सरकार प्रतिबद्ध रहेको बताए ।

# मनहरीमा जंगली हात्तीको आतंक

**मकवानपुर (प्रस)–** मकवानपुरको मनहरीमा जंगली हात्तीले आतंक मच्चाएको छ । मनहरी गाउँपालिका–८ सिम्पानीमा जंगली हात्तीले आतंक मच्चाउँदा एक घर पूर्णरूपमा क्षति भएको छ ।

गएराति मनहरी–८ मा आई टल्के चेपाङको जस्ता र ढुंगाले बनेको एकतले घरमा आक्रमण गर्दा घर पूर्णरूपमा क्षति भएको मकवानपुरकी प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिइन् । उनका अनुसार गएराति नै स्थानीय रामबहादुर तामाङको गोठमा हात्तीले आक्रमण गर्दा आंशिकरूपमा क्षति पुगेको छ ।

हात्तीको आतंकपछि प्रहरी, नेपाली सेना र स्थानीयको सहयोगमा हात्तीलाई जंगलतर्फ धपाइएको प्रहरीले जनाएको छ । हात्तीको आक्रमणबाट मानवीय क्षति भने नभएको प्रनाउ भण्डारीले बताइन् ।

## मेवाखा एण्ड के.जि.एस. प्रा.लि.को नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८०/०८/१० गते वार्षिक साधारण सभाको निर्णय अनुसार साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल श्रीसम्पत्ति, तथा तिर्नु व्यहोर्नुपर्ने कर, दायित्व आदि परिवर्तित कम्पनीले सकार्ने गरी यस कम्पनीको नाम परिवर्तन गरी **के.जि.एस. सुपर प्रा.लि.** कायम गर्न गरिएको तथा श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०८/२१ को पत्रबाट समेत कम्पनीको नाम परिवर्तन गर्ने स्वीकृति प्रदान गरिएको हुँदा यस कम्पनीसँग सरोकार राख्ने सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAS MANPOWER COMPANY

पुर्व स्वीकृति मिति २०८०/०६/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 292884 चलानी नं. ६०२०८०२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 45 | 0 | 1800 | ६३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SULTAN FAHD BIN MUBARAK AL SHAIBANI GENERAL CONTRACTING ESTABLISHMENT

पुर्व स्वीकृति मिति २०८०/०७/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 294607 चलानी नं. ६०२०९६७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : KARAZ ALBUN COFFEE FOUNDATION

पुर्व स्वीकृति मिति २०८०/०९/०१ LT. No. 296592 चलानी नं. ६०२११६२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 3 | 0 | 1200 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रू. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np
श्रम ईजाजत नं. १८५/०५७/०५८



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FREIGHTWATCH G PATOMOTOH SECURITY SERVICES SDN. BHD.

पुर्व स्वीकृति मिति २०७९/०८/१३ LT. No. 295711 चलानी नं. ६०२१७८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 28 | 0 | 1800 | ५१,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**R. A. International Employment Agency Pvt Ltd**
श्रम ईजाजत नं. १४०४/०७४/०७५
Basundhara-03 Metropolitan City, Kathmandu, Tel: +977-1-4016740, 4016760,4388035, Fax: 4016745
E-mail: rainternational81@gmail.com,Website www.rainternational.net



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WATANIA AGRICULTURE CO.

पूर्व स्वीकृति मिति: २०८०/०९/०२ LT. No.296632 चलानी नं. ६०२११६४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 2 | 0 | 1000 | ३५,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Prince International Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. ४३५/०६०/०६१
Samakhusi-26 Ktm, Nepal, Tel : +977-1-4387650, E-mail : info@princeies.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SEATTLE INTERNATIONAL SERVICES

पूर्व स्वीकृति मिति :२०७९/०६/०६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT No.272193 चलानी नं. ६०१८८१३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer Labourer | 10 | 0 | 900 | ३१,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
श्रम ईजाजत नं. ७५१/०६४/०६५
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : GAH HONG PRECISION SDN.BHD.

पूर्व स्वीकृति मिति: २०८०/०३/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 287505 चलानी नं. ६०२०३६११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 47 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MEWAH VISION SDN.BHD.

पूर्व स्वीकृति मिति २०८०/०६/०८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 292980 चलानी नं. ६०२०८१५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Govt.Lic.No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | E:-minawarecruitment@gmail.com | w:-www.minawarecruitment.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MES SECURITY SERVICES L.L.C-BRANCH OF ABU DHABI 1

पूर्व स्वीकृति मिति २०८०/०८/२४ LT. No. : 296245 चलानी नं.: ६०२११६६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kasturi International Service Pvt. Ltd.**
Govt. License 128/055/56
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Al-saqalat United For Aluminum And Ironsmith Works

पूर्व स्वीकृति मिति : २०८०/०५/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 292591 चलानी नं. ६०२०७७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminum Blacksmith | 15 | 0 | 110 | ४७,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Furniture Blacksmith | 24 | 0 | 110 | ४७,६८५ | | | | | | | |
| 3 | Store Worker | 25 | 0 | 110 | ४७,६८५ | | | | | | | |
| 4 | Truck Drivers | 5 | 0 | 190 | ८२,३६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**LOTUS Human Resourse Pvt. Ltd**
Govt Lic No. 780/065/066
A Complete Human Resource Company
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np


प्रदेश सरकार
सामाजिक बिकास मन्त्रालय

## महाकाली प्रादेशिक अस्पताल

कञ्चनपुर

## बोलपत्र प्रकाशित सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८०/०९/०३ (19th Dec 2023)

यस महाकाली प्रादेशिक अस्पतालको तपसिल बमोजिमको कार्यको लागि बोलपत्र सम्बन्धि प्रकाशित सुचनाको बिस्तृत विवरण यस कार्यालयको सूचना पाटि र http://www.bolpatra.gov.np/egp मा राखिएको व्यहोरा अनुरोध छ ।

| सि.न. | ठेक्का न. | कामको विवरण | धरौटी रकम | बोलपत्र दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति |
|---|---|---|---|---|---|---|---|
| १ | MPH/NCB/Goods/ 2080/081-4 | Supply and delivery of medicine and surgical item | ४४९०००। | ३०००। | २०८०/१०/०३ गते बेलुकी ४ बजे सम्म | २०८०।१०।०४ गते १२ बजे सम्म | २०८०/१०/०४गते दिउसो २ बजे |
| २ | MPH/NCB/Goods/ 2080/081-5 | Supply and delivery of Lab Chemical | ३३२०००। | ३०००। | २०८०/१०/०३ गते बेलुकी ४ बजे सम्म | २०८०।१०।०४ गते १२ बजे सम्म | २०८०/१०/०४गते दिउसो २ बजे |

मेडिकल सुपरिन्टेण्डेण्ट

प्रभाव दैनिक




## 'पूजार सार्की'को नायिकामा अञ्जना र परीक्षा

दिनेश राउतले निर्देशन गर्न लागेको फिल्म 'पूजार सार्की'को मुख्य नायिकामा अञ्जना बराइली र परीक्षा लिम्बू अनुबन्धित भएका छन् । यी दुवै अभिनेत्रीसँग निर्माताले सोमबार लिखित सहमति गरेका छन् । अञ्जनाले 'महापुरूष'बाट अभिनयमा डेब्यु गरेकी हुन् । पहिलो फिल्मबाटै उनले चर्चा बटुलिन् । परीक्षाले चाहिं 'छक्कापञ्जा ४' र 'जारी'जस्ता ब्लकबस्टर फिल्ममा अभिनय गरेकी छन् । पुरूष कलाकारतर्फको शीर्ष भूमिकामा आर्यन सिग्देल, प्रदीप खड्का र पल शाह अनुबन्धित भइसकेका छन् । कम्युनिस्ट नेताले जातीय विभेदविरूद्ध गर्ने लडाइँको कथावस्तु पेश गर्ने यो फिल्मको छायांकन आगामी माघबाट पोखराको कास्कीकोटमा सुरू हुँदैछ ।



मंगलबार, ३ पुस २०८० (Tuesday, December 19, 2023)

# ट्राफिकसँग 'सक्किगोनि' का धतुरेको जन्मदिन



■ प्रभाव संवाददाता

**काठमाडौं–** कलाकारको जन्मदिन मनाउने आ-आफ्नै शैली छ । केही कलाकार आफ्नो जन्मदिन अनाथ, असायसँग मनाउँछन् भने केही आफन्तलाई बोलाएर भव्य पार्टी गर्छन् । हास्य श्रृखला 'सक्किगोनी' का कलाकार सिपी पुडासैनी 'धतुरे'ले भने जन्मदिन ट्राफिक प्रहरीसँग मनाएका छन् । धतुरेले सोमबार परेको आफ्नो ४४ औं जन्मदिन सातदोबाटो प्रहरी परिसरमा रहेको ट्राफिक प्रहरीहरूसँग मनाएका हुन् । जन्मदिनको उपलक्ष्यमा बिहानै हातमा खादा र कफी सहित परिसर पुगेका धतुरेले ट्राफिक प्रहरीहरूलाई खादा लगाइदिएर सम्मान गर्दै कफीसमेत खुवाएका थिए ।

हाम्रा लागि दिनरात, घामपानी, धुवाँधुलो केही नभनी सुरक्षाकर्मीको सम्मानका लागि आफुले उनीहरूलाई जन्मदिन मनाएको कलाकार सिपी पुडासैनीले बताए ।

'हामीले सधै आफ्नो लागि मात्र होइन, कहिले काही अरुको लागि पनि सोच्नुपर्छ',पुडासैनीले भने- 'मेरो क्रियाकलापले ट्राफिक प्रहरीमा हौसला मिल्छ ।' सधै टेलिभिजनको पर्दामा देखेका कलाकार आफ्नो अगाडि देख्दा परिसरका ट्राफिक प्रहरी पनि दंग देखिन्थे । उनीहरूले धतुरेको सम्मान ग्रहण गर्दै फोटोसमेत खिचाएका छन् ।

# टुंगियो १९७४ एडीको मिनी टुर



**काठमाडौं (प्रस)–** पोखराको लेकसाइडस्थित पारासिडो बारको कन्सर्टसँगै सांगीतिक ब्याण्ड १९७४ एडीको मिनी टुर सकिएको छ । ८०० भन्दा बढी दर्शकलाई ब्याण्डले 'छुँदैन', 'हिंड्दा हिंड्दै', 'पिंजडाको सुगा', 'पहिलो जुनीमा', 'परेलीमा', 'सम्बोधन' लगायत चर्चित गीत सुनाएर झुमायो । कन्सर्टमा नेपालका लागि अस्ट्रेलियन राजदूत फेलिसिटी भोल्क समेत दर्शकदीर्घामा उपस्थित थिइन् । फेलिसिटीले सामाजिक सञ्जालमार्फत आफू १९७४ एडी ब्याण्डको फ्यान भएको बताउने गरेकी छन् ।

अक्सर ढिलो सुरु हुने लेकसाइडको लाइभ म्युजिक ट्रेन्डमा आफ्नो प्रिय ब्यान्डको प्रस्तुतिका दौरान 'अब तपाईंहरूको पालो' भन्दै १९७४ एडीका भोकलिस्ट तथा ड्रमर एड्रियन प्रधानले दर्शकहरूलाई पर्याप्त मनोरञ्जन दिलाए । फिरोज स्याङ्देनको स्वरमा 'तिमीलाई पिरतीले बाँधौंला' गीतबाट सुरु भएको कन्सर्ट एक दर्जन बढी गीतपछि एड्रियन प्रधानको स्वरमा 'यो मन त मेरो नेपाली हो' गीतसँगै टुंगिएको थियो ।

यो प्रस्तुति सन् २०२३ लाई मैझारो गर्नेगरी घोषणा गरिएको मिनी टुरको अन्तिम कन्सर्ट भएको ब्यान्डका व्यवस्थापक तथा पर्कसनिस्ट सञ्जय श्रेष्ठले जानकारी दिए ।


## ओमान, मलेसिया र साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Rawya Al Hinai Trading

पुर्व स्वीकृति मिति: २०८०/०९/०२ LT. No.296645 चलानी नं. ६०२११६६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MANICURIST | 0 | 3 | 170 | ५८६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SEETHARAM FAMILY CURRY HOUSE SDN BHD

पुर्व स्वीकृति मिति: २०८०/०९/०१ LT. No.296579 चलानी नं. ६०२११६३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव MR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 7 | 0 | 1500 | ४२४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SAWAED EMAAR GENERAL CONTRACTING EST

पुर्व स्वीकृति मिति: २०८०/०९/०१ LT. No.296593 चलानी नं. ६०२११६३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 2 | 0 | 1500 | ५३१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Al ban International Trad. Est.

पुर्व स्वीकृति मिति: २०८०/०९/०२ LT. No. 296644 चलानी नं. ६०२११६६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER - COFFEE SHOP | 1 | 0 | 150 | ५१७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Mu Shatha Alqilani

पुर्व स्वीकृति मिति: २०८०/०९/०२ LT. No. 296643 चलानी नं. ६०२११६६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN GENERAL | 0 | 1 | 170 | ५८६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairstylist | | 1 | 170 | ५८६८५ | | | | | | | |
| 3 | Manicurist | | 1 | 170 | ५८६८५ | | | | | | | |
| 4 | MEAKER-UP | | 1 | 170 | ५८६८५ | | | | | | | |

कम्पनी : SNOW CAFE SERVE DRINKS

पुर्व स्वीकृति मिति: २०८०/०९/०१ LT. No.296594 चलानी नं. ६०२११६३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | TEA AND COFFEE MAKER | 1 | 0 | 1400 | ४९५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sky Blue International Overseas Pvt.ltd.

Govt. License 1462/074/075

Sinamangal, Kathmandu, Nepal, Phone: 9801970911/9801970910/9801970914 9801970921/9801970918, skyblueintloverseas@gmail.com, www.skyblue.com.np


## रंगशाला

एनएसएल फुटबल

# धनगढी एफसी र काठमाडौं रेजर्स बराबरी



**काठमाडौं (प्रस)–** नेपाल सुपर लिग एनएसएल फुटबलमा धनगढी एफसी र काठमाडौं रेजर्सले १-१ को बराबरी खेलेका छन् । जारी प्रतियोगितामा अपराजित रहेको धनगढीले खेलमा पहिलो अग्रता लिए पनि त्यसलाई जोगाउन सकेन र काठमाडौंसँग अंक बाँड्यो । अहमद हिजाजीले गोल गर्दै धनगढीलाई १५ औं मिनेटमा नै अग्रता दिलाएका थिए ।

डियाग्ने फालोउले आफ्नै क्षेत्रबाट लामो पास दिएका थिए । त्यसमा काठमाडौंका आन्द्रेस नियाले आफ्नो साथीलाई ब्याक पास दिएका थिए । तर हिजाजीले बल पाए र उनले काठमाडौंका गोलकिपर अन्जल श्रेष्ठ अघि बढेको मौकामा बक्सभित्रबाट भली प्रहार गर्दै गोल गरे । तर ६५औं मिनेटमा काठमाडौंले बराबरी गोल फर्काएको थियो । धनगढीका रोहन कार्कीले कोमिवनलाई लडाएपछि काठमाडौंले फ्रिकिक पाएको थियो ।

कोमिवनले बायाँ भागबाट हानेको फ्रिकिकमा किनगुए ओलिभरले बक्सभित्रबाट जम्प गर्दै हेडमार्फत गोल गरे । धनगढीका किपर टिकेन्द्र थापाले बचाउने अवसर नै पाएनन् । काठमाडौंको दशरथ रंगशालामा भएको खेल १-१ को बराबरीमा टुंगिएसँगै धनगढी १२ अंकसहित पहिलो र काठमाडौं ९ अंकसहित चौथो स्थानमा एथावत् छन् । अपराजित रहेको धनगढीको यो बराबरीले प्ले अफमा पुग्ने संभावना बलियो भएको छ । यो खेल सञ्चालन गरिरहेका मुख्य रेफ्री प्रज्वल क्षेत्री हाफ टाइममा घाइते भएका थिए । उनको सट्टा फोर्थ अफिसियलमा रहेका नविन्द्र महर्जनले दोस्रो हाफको खेल सञ्चालन गरे भने फोर्थ अफिसियलमा श्याम दनुवार आएका थिए ।

## एन्फाको सिइओमा इन्द्रमान नियुक्त

**काठमाडौं (प्रस)–** अखिल नेपाल फुटबल संघ एन्फाले इन्द्रमान तुलाधरलाई प्रमुख कार्यकारी अधिकृत सिइओ नियुक्त गर्ने निर्णय गरेको छ ।

सोमबार बसेको एन्फा कार्यसमिति बैठकले तुलाधरलाई एन्फाको सिइओ नियुक्त गर्ने निर्णय गरेको हो । यस्तै बैठकले एन्फाको सहायक कोषाध्यक्षमा प्रविण कुमार यादवलाई नियुक्त गर्ने निर्णय गरेको छ । बैठकले बी डिभिजन क्लब मध्यपुर युथ एसोसियसनलाई निलम्बन गर्ने निर्णय गरेको छ ।

# गल्फ कोर्षको शुल्क घटाइदिन मन्त्रीसँग आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोयल नेपाल गल्फ क्लब (आरएनजिसी) ले नेपालकै पुरानो गल्फ क्लबका रूपमा रहेको आफ्नो संस्था संरक्षणका लागि सहयोग गर्न युवा तथा खेलकुद मन्त्री डिगबहादुर लिम्बूलाई आग्रह गरेको छ ।

आरएनजिसीको स्थापना सन् १९१७ मा भएको थियो । करिब १०६ वर्ष पुरानो संस्थाले कयौं गल्फका खेलाडी उत्पादन गर्दै आइरहेको छ । १३ औं दक्षिण एशियाली खेलकुद (साग) का दोहोरो स्वर्ण विजेता सुवास तामाङ र राष्ट्रिय टोलीकी प्रतिमा शेर्पाले पनि आरएनजिसीबाट गल्फ करियरको सुरुवात गरेका थिए । क्लबले पछिल्ला समय युथहरूलाई पनि गल्फ प्रशिक्षण गराउँदै आएको छ । आफूहरू नाफा कमाउन भन्दा पनि गल्फ खेलको विकासमा लागेको संस्था रहे पनि पछिल्ला समय त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्यन कार्यालयले वार्षिक रूपमा क्लबले तिर्दै आएको भाडा शुल्क बढाएपछि समस्यामा परेको जनाएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल छेउमा रहेको आरएनजिसीले जग्गा प्रयोग गरेबापत भाडा वार्षिक ६ लाख रूपैयाँ सरकारलाई बुझाउँदै आएको थियो । तर सो कार्यालयले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको छेउमा रहेको आरएनजिसीको वार्षिक भाडा शुल्क २३ लाख रूपैयाँ पुऱ्याएको छ । त्यससँगै आफूहरूले त्यो रकम तिर्न नसक्ने भन्दै क्लबले युवा तथा खेलकुद मन्त्री लिम्बूसमक्ष बढाइएको शुल्कबारे घटाउन सहजीकरण गरिदिन आग्रह गरेका हुन् । सोमबार क्लबमा नै मन्त्री लिम्बूसँगको छलफलमा क्लबले लामो इतिहास बोकेको क्लब समस्या परेको भन्दै सहयोग गरिदिन अनुरोध गरेका छन् ।

सो अवसर मन्त्री लिम्बूले गल्फ विकासमा लामो समय योगदान पुऱ्याएको आरएनजिसीको समस्याबारे पर्यटन तथा नागरिक उड्यन मन्त्रालयसँग छलफल गर्दै सहजीकरण गर्ने मन्त्रीले लिम्बूले विश्वास व्यक्त गरेका छन् ।

सो अवसरमा क्लबले यसअघि गर्दै आएको विभिन्न कार्यक्रमबारे मन्त्रीलाई लिम्बुलाई जानकारी गराएको थियो । साथै मन्त्री लिम्बूले गल्फ कोर्सको अवलोकन गरेका थिए । आरएनजिसीमा १८ होलको गल्फ प्रतियोगिता हुँदै आएको छ ।


श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय

भूमे गाउँपालिका–९, चुन्बाङ, रुकुम (पूर्व)

स्था: २०१९

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति: २०८०/०९/०३

प्रस्तुत विषयमा यस विद्यालयबाट मिति २०८०/०७/१७ गतेको प्रभाव राष्ट्रिय दैनिक पत्रिका र PPMO e-GP System को *www.bolpatra.gov.np.egp* मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपसिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धि सबै बोलपत्रदाताहरुको जानकारीका लागि प्रकाशन गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल गरिएको रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | *EGP/NRMV/ NCB/3W-01/2079-80* | चुन्बाङ नमुना विद्यालय भवन निर्माण (तेस्रो चरण) | श्री प्रभात निर्माण सेवा प्रा.लि, मुसिकोट न.पा-५, रुकुम (पश्चिम) | रु. ९५,२३,३७८।८२ (अक्षेरुपी पन्चानब्बे लाख तेईस हजार तीन सय अठहत्तर रुपैया बयासी पैसा मात्र) |

प्रधानाध्यापक

# नभाल्नी 'बेपत्ता हुनु'ले संयुक्त राष्ट्रसंघका विशेषज्ञ चिन्तित

**जेनेभा–** संयुक्त राष्ट्रसंघकी एक अधिकार विशेषज्ञले सोमबार रुसी विपक्षी नेता एलेक्सी नभाल्नी 'जबरजस्ती बेपत्ता हुनु' चिन्ताजनक भएको बताउँदै उनलाई तुरुन्त रिहा गर्न मस्कोसँग माग गरेकी छन् । क्रेमलिनका आलोचक नभाल्नीका वकिलहरूलाई डिसेम्बर ६ देखि उनीसँग भेट्न रोकिएको छ । साथै गत शुक्रबारको निर्धारित अदालतको सुनुवाइका लागि उनी उपस्थित भएनन् ।

'रुसी अधिकारीहरूले यति लामो समयसम्म नभाल्नीको ठेगाना र स्वास्थ्यबारे सार्वजनिक नगरेकामा मलाई धेरै चिन्ता भएको छ, यो जबरजस्ती बेपत्ता पारिएको समान हो,' रुसमा राष्ट्रसंघीय मानवअधिकारसम्बन्धी विशेष प्रतिवेदक मारियाना काटजारोभाले भनिन् ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका लागि काँडा बनेका ४७ वर्षीय नभाल्नीलाई विष दिएर हत्याको प्रयासमा बाँचेपछि सन् २०२१ मा चरमपन्थीको आरोपमा १९ वर्षको कारागार सजाय दिइएको थियो । नभाल्नीलाई डिसेम्बर ११ मा मस्को नजिकैको भ्लादिमिर क्षेत्रबाट हटाएर अज्ञातस्थलमा लगिएको जानकारी नभाल्नीको टोलीलाई शुक्रबार बताइएपछि आफूले रुसी अधिकारीहरूसमक्ष चिन्ता व्यक्त गरेको काटजारोभाले बताइन् । उनका अनुसार नभाल्नीका परिवार र वकिलहरूले सबै दण्डित कोलोनीलाई उनको ठेगाना पहिचान गर्न पत्र पठाएका थिए ।

'नभाल्नी ओम्स्क दण्डित कोलोनीमा हुनसक्ने उनीहरूलाई प्रारम्भिक जानकारी प्राप्त भएको छ तर पछि त्यो जानकारी अस्वीकार गरियो,' उनले भनिन् । यस वर्षको प्रारम्भमा एक अदालतले नभाल्नीलाई कठोर कारागारमा सार्ने आदेश दिएको थियो ।

नभाल्नीलाई दोषी ठहर गर्ने चरमपन्थीका आरोपहरू 'निराधार' रहेको भन्दै काटजारोभाले बन्दीहरूले यातायातका क्रममा गम्भीर अधिकार उल्लंघनको उच्च जोखिमको सामना गर्ने चेतावनी दिइन् । राष्ट्रसंघीय परिषद्बाट नियुक्त भए पनि राष्ट्रसंघका तर्फबाट नबोलेकी स्वतन्त्र विशेषज्ञ उनले 'अतिवाद' शब्दको अन्तर्राष्ट्रिय कानुनमा कुनै आधार नभएकामा जोड दिइन् । 'जब यसले आपराधिक दायित्व उत्पन्न गर्छ तब यो मानवअधिकारको उल्लंघन हो,' उनले भनिन् ।

उनको विज्ञप्तिमा 'नभाल्नीको अविश्वसनीय आपराधिक उत्पीडन' को निन्दा गरिएको छ । यसको अन्तर्राष्ट्रियस्तरमा व्यापक निन्दा गरिएको छ र यसले राजनीतिक उद्देश्यका लागि अदालत प्रणालीको स्पष्ट दुरूपयोगलाई संकेत गर्दछ ।

काटजारोभाका अनुसार नभाल्नीका तीन वकिललाई अक्टोबरमा चरमपन्थीको आरोपमा गिरफ्तार गरिएको भन्दै अब उनीहरूले लामो समयसम्म कारागारको सजाय भोग्नुपर्ने बताइन् । 'म रुसी अधिकारीहरूसँग अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको पालना गर्नका लागि आह्वान गर्दछु,' उनले भनिन्, 'नभाल्नी र मनमानी ढंगले हिरासतमा लिइएका सबैलाई तत्काल रिहा गरिनुपर्छ र उनीहरूलाई भएको सबै नोक्सानका लागि उपचार र क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ ।' *रासस/एएफपी*

# बंगलादेशको विदेशी मुद्रा सञ्चिति २० अर्ब डलर पुग्यो

**ढाका–** दुई वैश्विक ऋणदाताको ऋण केन्द्रीय बैंकको खातामा जम्मा भएपछि बंगलादेशको विदेशी मुद्रा भण्डार २० अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको छ । यसबाट लामो समयदेखि विदेशी मुद्राको सञ्चितिमा भएको गिरावट रोकिएको छ ।

बंगलादेश बैंकका कार्यकारी अधिकृत तथा प्रवक्ता मोहम्मद मेजबुल हकले आइतबार पत्रकारहरूसँग ६८ करोड ९० लाख डलर अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) र ४० करोड डलर एसियाली विकास बैंक (एडिबी) बाट आएको जानकारी दिए ।

उनका अनुसार वैश्विक ऋणदाताबाट केन्द्रीय बैंकको खातामा एक अर्ब नौ करोड डलर ऋण प्राप्त हुनुअघि बिहीबार मुलुकको विदेशी मुद्रा सञ्चिति १९ अर्ब १७ करोड डलर थियो । विश्वव्यापीरूपमा आयात लागतमा उल्लेख्य वृद्धि हुनुका साथै विप्रेषण र निर्यातबाट हुने आम्दानी अपेक्षाकृत कम हुँदा विदेशी मुद्रा सञ्चिति घट्ने क्रम जारी छ । बंगलादेशको सबैभन्दा उच्च वैदेशिक मुद्रा सञ्चिति सन् २०२१ मा ४८ अर्ब डलर थियो । यद्यपि अन्तर्राष्ट्रिय उथलपुथलका कारण २०२२ को सुरुआतदेखि नै सञ्चितिको दर घट्दै गएको देखिन्छ ।

खुम्चिँदै गएको वैदेशिक मुद्रा सञ्चिति बढाउनका लागि केन्द्रीय बैंकले गत वर्ष धेरै उपाय अवलम्बन गरेको थियो । बैंक अन्तर्राष्ट्रिय कारोबारमा चिनियाँ युआनको प्रयोगसहित वैकल्पिक मुद्रा व्यवस्थामनमा लागेको छ ।

यद्यपि केन्द्रीय बैंकका अधिकारीहरूले वर्तमान सञ्चितिसँगै बंगलादेश करिब चार महिनाको आयातको भुक्तानी गर्ने स्थितिमा रहेको बताएका छन् । बंगलादेशजस्तो बढ्दो अर्थतन्त्रका लागि छ महिनाको आयात भुक्तानी बराबर वैदेशिक मुद्रा सञ्चिति पर्याप्त मानिन्छ । *रासस/सिन्ह्वा*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ETC FOOD RESTAURANT COMPANY

पुर्व स्वीकृति मिति २०८०/०५/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT No :291920 चलानी नं. ६०२०७८०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FAST FOOD MAKER | 150 | 0 | 130 | ५६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

कम्पनी : ALAM ALZAIN SALOON AND SPA FOR LADIES BEAUTY CO.

पुर्व स्वीकृति मिति २०८०/०८/०१ LT No :296541 चलानी नं. ६०२११६१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/nail Technician/manicure/pedivure/salo | 0 | 20 | 150 | ६५,१७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

DELMON GLASS FACTORY CO, (MOLD GLASS)

पुर्व स्वीकृति मिति २०८०/०८/०१ LT No :296545 चलानी नं. ६०२११६१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Glass Factory Worker | 18 | 0 | 130 | ५६,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ONLY CAKE CO FOR MANUFACTURING ALL KINDS OF SWEETS

पुर्व स्वीकृति मिति २०८०/०८/०१ LT No :296546 चलानी नं. ६०२११६१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker / Cook | 2 | 0 | 150 | ६५,१७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Chef Assistant | 8 | 0 | 130 | ५६,४८० | | | | | | | |
| 3 | Light Vehical Driver | 2 | 0 | 135 | ५८,६५५ | | | | | | | |

कम्पनी : WINGMAN WORLD FOOD SERVICE MANAGEMENT COMPANY

पुर्व स्वीकृति मिति २०८०/०८/०२ LT No :296544 चलानी नं. ६०२११६६१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 0 | 110 | ४७,७९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cook/cook Assistant/chef/ Chef Assistant | 3 | 0 | 150 | ६५,१७० | | | | | | | |
| 3 | Waitress | 0 | 2 | 130 | ५६,४८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL

Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL TAYEB LISLA AL ISTALAKIYA AND BUSINESS SPC

पुर्व स्वीकृति मिति २०८०/०९/०२ LT. No. 296628 चलानी नं. ६०२११६५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव OR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & unloading worker | 10 | 0 | 120 | ४१,६६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | packing & packaging worker | 6 | 0 | 120 | ४१,६६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क ।-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**

श्रम ईजाजत नं. २३५/०५८/०५९

Gongabu-9, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,

E-mail : info@jobseekermanpower.com.np

Website :www.jobseekermanpower.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL WATHAN TRADING CONTRACTING AND SERVICES WLL

पुर्व स्वीकृति मिति: २०८०/०९/०१ LT. No. 296555 चलानी नं. ६०२११६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 5 | 0 | 1000 | ३६,७०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Engineer | 1 | 0 | 5500 | २१०,८८० | | | | | | | |
| 3 | Plaster Worker | 4 | 0 | 1200 | ४४,०४५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THAAM AL SHAAY

पुर्व स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 296629 चलानी नं. ६०२११६४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sandwich Maker | 1 | 0 | 1400 | ५०,७७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 1 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 3 | Falafel Maker | 2 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 4 | Coffee Cook | 1 | 0 | 1500 | ५५,०६० | | | | | | | |
| 5 | Chawarman Maker | 1 | 0 | 1400 | ५०,७७५ | | | | | | | |

कम्पनी : THAAM AL SHAAY

पुर्व स्वीकृति मिति : २०८०/०७/२० पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 294783 चलानी नं. ६०२०९८७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 2 | 0 | 1200 | ४३,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Waiter | 2 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 3 | Gen Clean Worker | 2 | 0 | 1200 | ४३,५२० | | | | | | | |
| 4 | Driver | 1 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 5 | Gril. Chick Maker | 1 | 0 | 1400 | ५०,७७५ | | | | | | | |
| 6 | Dough Kender | 1 | 0 | 1200 | ४३,५२० | | | | | | | |
| 7 | Falafel Maker | 2 | 0 | 1400 | ५०,७७५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jasmine Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं.८७४/०६६/०६७ Basundhara, Dhapasi Chauki, Kathmandu,Nepal, Tel : +977-1-4365056, 4387950, 4389279, 5902950



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-TAWI FOR BUILDING AND CONSTRUCTION CO.LTD

पुर्व स्वीकृति मिति: २०८०/०१/०७ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. 285092 चलानी नं. ६०२००४००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,७३५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Truck Driver Public | 2 | 0 | 1800 | ६३,७३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EASUN ENGINEERING SDN BHD

पुर्व स्वीकृति मिति : २०८०/०१/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. 285566 चलानी नं.६०२०१९३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Api Manpower Solutions Pvt Ltd**

Lic No. 1115/073/074

Kusunti-14, Lalitpur, Nepal

Tel:+977-01-5554927, 5554928 E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MODERN ELITE TRADING COMPANY

पुर्व स्वीकृति मिति २०८०/०५/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८०/०९/०२ LT. No. :292271 चलानी नं. ६०२०७४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 10 | 0 | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० पौष १० गते (26th Dec. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALL ASIA OVERSEAS

**All Asia Overseas Pvt.Ltd**

श्रम ईजाजत नं. १३०५/०७४/०७५

Santinagar Chowk, Kareshwor Marga, New Baneshwor-31, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। **Reachmond Books Shop** (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217**। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११७८०० | प्रति तोला – ११७२५० | प्रति तोला – १४५५ |

## नेप्सेमा उछाल

### ३८ अंकले नेप्से बढ्दा पौने ७ अर्बको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक उच्च अंकले वृद्धि भएको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३८ दशमलव १४ अंकले उकालो लागेर दुई हजार ६० दशमलव ४९ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक नौ दशमलव ५६ अंकले उकालो लागेर तीन सय ९० दशमलव ६३ मा पुगेको छ । कारोबार भएका १३ उपसमूहमध्ये एक उपसमूहको सेयर मूल्यमा गिरावट भएको छ भने १२ उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ ।

कूल दुई करोड १४ लाख ९७ हजार छ सय १९ कित्ता सेयर रू छ अर्ब ८६ करोड ८१ लाख ७७ हजार पाँच सय ५६ मूल्यमा कारोबार भएको छ । नेप्सेका अनुसार, कारोबार भएकामध्ये हिमाल दोलखा हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको रू २६ करोड २६ लाख ७४ हजार चार सय ७२ बराबरको कारोबार भएको छ ।

सोनापुर मिनरल्स रू २० करोड २८ लाख ४६ हजार दुई सय १४, सोल्टी होटल रू १८ करोड ४३ हजार ४७ हजार, शिवम् सिमेन्ट रू १६ करोड ८३ लाख ९६ हजार पाँच सय ९७ र घोराही सिमेन्ट रू १४ करोड ३३ लाख २० हजार छ सय ६२ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

## ‘तनहुँ जलविद्युत्ले ऊर्जा संकट समाधान गर्छ’

■ प्रभाव संवाददाता

**दमौली–** प्रतिनिधिसभाका सांसद डा. स्वर्णिम वाग्लेले ऊर्जा संकट समाधानका लागि तनहुँ जलविद्युत् आयोजना महत्वपूर्ण रहेको बताएका छन् । ऋषिङ गाउँपालिका-१ मा निर्माणाधीन उक्त आयोजनाको आइतबार निरीक्षणपश्चात् उनले तनहुँ जलविद्युत् आयोजना कुलेखानीपछि बनेको पहिलो जलाशययुक्त आयोजना भएकाले यसको निर्माण पश्चात विद्यमान ऊर्जा संकट केही हदसम्म समाधान हुने बताए ।

कुलेखानी जलविद्युत् आयोजना बनेको ४० वर्षपछि मात्र पहिलो जलाशययुक्त जलविद्युत् आयोजना बनेको भन्दै वाग्लेले यस आयोजना ऊर्जा सुरक्षाको दृष्टिकोणबाट पनि महत्त्वपूर्ण हुने उल्लेख गरे । आयोजना निर्माणका क्रममा स्थानीय जनसरोकारवालालाई विश्वासमा लिएर काम गर्नुपर्ने उनको भनाइ थियो । वाग्लेले भने, ‘वर्षामा धेरै पानी पर्ने हुँदा त्यसबेला धेरै विद्युत् उत्पादन हुने तर हिउँदमा पानी सुक्दै जाने र विद्युत् उत्पादन पनि घट्दे जाने हुँदा सरकारले धेरै भन्दा धेरै जलाशययुक्त आयोजना बनाउनुपर्छ ।’ बूढीगण्डकी र नलसिंङगाड विद्युत् आयोजना जलाशययुक्त भएकाले त्यसको पनि चाँडै निर्माण गर्नुपर्नेमा उनले जोड दिए ।

विद्युत् आयोजना निर्माणका लागि वन क्षेत्र, मुआब्जा र विस्फोटक पदार्थको आयातमा मुख्य समस्या हुने हुँदा यी तीनवटै समस्या समाधानका लागि नीतिगत रूपमा नै सम्बोधन हुनुपर्ने वाग्लेको भनाइ थियो । तीन प्याकेजमा निर्माण भइरहेको तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-१ अन्तर्गत एक सय ४० मिटर अग्लो बाँध निर्माणका लागि विसं २०७८ भदौ १४ मा ठेक्का सम्झौता भएर कार्यान्वयनमा आएको थियो ।

उक्त आयोजनाको बाँध निर्माणका लागि नदी डाईभर्सन कार्य सम्पन्न भई बाँध निर्माण सुरु भइसकेको आयोजना कार्यालयले जनाएको छ । आयोजनाको सुरुङ, विद्युत्गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत काम प्याकेज-२ मा परेका छन् । यसका लागि विसं २०७५ असोज १५ गते खरिद सम्झौता भएको थियो ।

निर्माण सुपरिवेक्षण परामर्शदाताले खरिद सम्झौता बमोजिम निर्माण सुरु गर्न कार्यादेश जारी गरेपश्चात् निर्माण कम्पनीले विसं २०७५ माघ ६ गतेदेखि आयोजना स्थलमा परिचालित भई निर्माण जारी राखेको जनाएको छ । भूमिगत विद्युत्गृह खन्ने कार्य सम्पन्न गरी कङ्क्रिटिङ तथा टर्वाइन लगायतका उपकरण जडान भइरहेका छन् । टेलरेस सुरुङ निर्माण सम्पन्न भएको छ भने मुख्य सुरुङ खनिरहेको छ । यस प्याकेजको सिभिलतर्फको निर्माण प्रगति ७० प्रतिशत भन्दा बढी छ भने समग्र प्रगति करिब ४७ प्रतिशत छ ।

प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किटप्रसारण लाइन निर्माणका लागि विसं २०७५ पुस १० गते खरिद सम्झौता भई सोही वर्षको फागुन १० गतेदेखि कार्यान्वयनमा आएको थियो । ३४.७ किमि प्रसारण लाइनमा पर्ने ९४ टावरमध्ये ६९को जग हालिएको छ भने ३३ टावर खडा गरिएको छ । यस प्याकेजको समग्र निर्माण प्रगति ६९ प्रतिशत रहेको आयोजना कार्यालयले जनाएको छ ।

आयोजनाको सामाजिक विकास कार्यक्रमअन्तर्गत तनहुँमा विद्युतीकरण गर्नका लागि नेपाल विद्युत प्राधिकरणको आयोजना व्यवस्थापन निर्देशनालयमार्फत तनहुँ ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुदृढीकरण परियोजना सम्पन्न भएको छ । यसअन्तर्गत स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि घिरिङ गाउँपालिका ४ र बन्दीपुर गाउँपालिका-६ मा ३३/११ केभीका दुईवटा सबस्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

उक्त सबस्टेसनसम्म विद्युत् पुऱ्याउनका लागि ३३ केभी लाइन निर्माण गरिएको छ । जिल्लाको विद्युत् आपूर्तिलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय बनाउन विभिन्न ठाउँमा विभिन्न क्षमताका वितरण ट्रान्सफर्मर जडान र ११ केभी लाइन निर्माण गरिएका छन् ।

## कर्पोरेट

### ग्लोबल आइएमईका अध्यक्ष ढकालले गरे शपथग्रहण



**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडका अध्यक्ष चन्द्रप्रसाद ढकालले आइतबार नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीसमक्ष पद तथा गोपनीयताको सपथ लिएका छन् । नेपाल उद्योग वाणिज्य महासंघको अध्यक्ष समेत रहेका ढकाल बैंकको हालै सम्पन्न १७औं वार्षिक साधारणसभाबाट सञ्चालक समिति सदस्य र नव निर्वाचित सञ्चालक समितिको पहिलो वैठकबाट अध्यक्षमा सर्वसम्मत निर्वाचित भएका हुन् ।

सपथ ग्रहण समारोहमा अध्यक्ष ढकालले रेमिट्यान्स सेवा प्रदान गर्ने सानो कम्पनीको रूपमा स्थापना गरेको आइएमई नै नेपाल सरकार र नेपाल राष्ट्र बैंकको नीति/निर्देशन अनुसार काम गर्दै जाँदा आजको ग्लोबल आइएमई बैंकको अवस्थासम्म आइपुगेको स्मरण गर्दै ग्लोबल आइएमई बैंक मुलुकको सबैभन्दा ठूलो बैंक मात्र नभई एक सबल र सक्षम बैंक बन्न सफल भएको बताए । नेपाल राष्ट्र बैंकको गभर्नरबाट पद तथा गोपनीयताको शपथ लिएपछि ढकालले नवनिर्वाचित सञ्चालकहरूलाई शपथ गराएका छन् ।

ग्लोबल आइएमई बैंकको १७औं वार्षिक साधारण सभाबाट संस्थापक शेयरधनीहरूमध्येबाट ढकाल, रामबहादुर भण्डारी र राधेश पन्त, तथा सर्वसाधारण शेयरधनीतर्फबाट कृष्णप्रसाद शर्मा, नारायण प्रसाद पौडेल र मदनलाल जोशी सञ्चालक समितिमा सर्वसम्मत निर्वाचित भएका हुन् । शपथ ग्रहण समारोहमा राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय डा. निलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्र, कार्यकारी निर्देशकहरू, ग्लोबल आइएमई बैंकको सञ्चालक समितिका सदस्यहरू, प्रमुख कार्यकारी अधिकृत तथा अन्य वरिष्ठ पदाधिकारीहरूको समेत उपस्थिति रहेको थियो ।

### सिटी एक्स्प्रेसबाट तामाङले पाए १० गुणा बढी रकम




**काठमाडौं (प्रस)–** सिटी एक्सप्रेस मनी ट्रान्सफरले सञ्चालन गरेको उपहार योजनाको विजेता घोषणा गरेको छ । सिटी एक्सप्रेसले ‘बिदेशबाट सिटी पठाऔं, पठाको भन्दा १० गुणा बढी पाऔं’ योजना अन्तर्गत मेगा बम्पर उपहार ‘आफुले पठाएको भन्दा १० गुणा बढी पाउने’ बिजेताको नाम घोषणा गरेको हो ।

सिटी एक्सप्रेसका ब्राण्ड एम्बासडर जितु नेपाल र कम्पनीका प्रबन्ध निर्देशक चन्द्र टण्डनको बिशेष उपस्थितीमा विद्युतीय प्रणालीद्वारा विजेता छनौट गर्दा साउदी अरबबाट रेमिटान्स पठाउने राजु तामाङले आफुले पठाएको रकम रू ५३,०७५ (अक्षरूपी त्रीपन्न हजार पचहत्तर) को १० गुणा गरेर रू ५,३०,७५० (अक्षरूपी पाच लाख तीस हजार सात सय पचास) जित्न सफल भएका छन् । त्यस्तै सोही योजना अन्तर्गत लक्की ड्र मार्फत हरेक महिना १ जनालाई जनही रु १००,०००, हरेक हप्ता ५ जनालाई जनही रु २५,००० साथै ६१ दिन लगातार हरेक दिन १०० जना विजेताहरूलाई जनही रु ५०० को वालेट टप् अप् र अन्त्यमा एक जना भाग्यशाली बम्पर बिजेताले आफुले पठाएको रकमको १० गुणा बढी रकम पाउने योजनामा रहेको थियो । जसअन्तर्गत ६१०० जनाले दैनिक उपहार (रु ५०० को वालेट टप् अप), ४५ जनाले साप्ताहिक उपहार (जनही रु २५,०००) र २ जनाले मासिक उपहार (जनही रु १००,०००) जित्न सफल भईसकेका छन् ।

### लुम्बिनी विकास र बयोधा अस्पतालबीच सम्झौता



**काठमाडौं (प्रस)–** लुम्बिनी विकास बैंकले बल्खु, काठमाडौंमा अवस्थित बयोधा अस्पतालबीच सम्झौता भएको छ । सम्झौता अनुसार बैंकका कर्मचारी एवम् डेबिट कार्ड बाहक तथा बैंकका मोबाइल बैकिङ्ग प्रयोगकर्ता साथै निक्षेपकर्ताहरूलाई बिभिन्न किसिमका स्वास्थ्य उपचार सुविधाहरूमा १० देखि १५ प्रतिशतसम्म छुट पाउनेछन् ।

उक्त सुविधा बयोधा अस्पतालको बल्खु, काठमाडौ स्थित मुख्य कार्यालय बाट प्राप्त गर्न सकिने छ । सम्झौतामा उल्लेख भए अनुसार अस्पतालको जनरल हेल्थ तथा महिला हेल्थको प्याथोलोजी र परामर्श सेवाको प्याकेज विशेष छुटमा उपलब्ध गराउने छ । सम्झौतामा बैंकका तर्फबाट बैंकका मुख्य प्रबन्धक दिपक खनाल र अस्पतालको तर्फबाट मेडिकल डाइरेक्टर डा. अरबिन्द कुमार साहले हस्ताक्षर गरेका थिए ।

### ग्लोबल आइएमईमा 'भिजा स्क्यान टू पे' भुक्तानी प्रणाली




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंकको अगुवाइमा नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनको स्विचिङ सुविधा र स्विफ्ट टेक्नोलोजीको प्राविधिक सहयोगमा ‘भिजा स्क्यान टू पे’ भुक्तानी प्रणालीको शुभारम्भ गरिएको छ । काठमाडौंमा आयोजित एक विशेष समारोहमा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. गुणाकर भट्ट, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनका प्रमुख कार्यकारी अधिकृत सञ्जीव सुब्बा र स्विफ्ट टेक्नोलोजीका प्रमुख कार्यकारी अधिकृत निरज ढुङ्गानाले क्यूआर स्क्यान गरी प्रथम कारोबार सहित उक्त सेवाको संयुक्तरूपमा शुभारम्भ गरेका हुन् । उक्त प्रविधिमार्फत ग्लोबल आइएमई बैंकका भिजा कार्ड बाहक ग्राहकहरूले अब फिजिकल कार्डको प्रयोग बिना नै ग्लोबल आइएमई बैंकको मोबाइल एप ग्लोबल स्मार्ट प्लसमार्फत क्यूआर क्यान गरी कुनै पनि पेमेन्ट गर्न सक्नेछन् ।

भिजा स्क्यान टू पे एउटा कार्ड-देखि-व्यापारी भुक्तानी सेवा हो । यसबाट कार्ड स्वाइप नगरी आफ्नो स्मार्टफोन प्रयोग गरेर भुक्तानी गर्न सकिन्छ । कार्यक्रममा प्रमुख अतिथि नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक भट्टले बैंकले जारी गरेको यो प्रविधि डिजिटल प्रविधिको विकासमा कोशेढुङ्गा सावित हुने बताए ।

ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत बज्राचार्यले ग्लोबल आइएमई बैंक नयाँनयाँ प्रविधिको विकास र विस्तारमा सधैं अग्रणि रहेको बताउँदै नयाँ प्रविधिको विकासका साथसाथै यसको प्रयोग पनि उत्तिकै जरुरी भएको र सबै सरोकारवाला मिलेर यसको प्रवर्द्धन गर्न जरुरी रहेको बताए । नेपाल इलेक्ट्रोनिक पेमेन्ट सोलुशनका प्रमुख कार्यकारी अधिकृत सुब्बाले प्रविधिको विकास र विस्तारमा सबै सरोकारवालाहरूबिच ठूलो सहकार्यको आवश्यकता रहेको बताए । त्यस्तै स्विफ्ट टेक्नोलोजिजका प्रमुख कार्यकारी अधिकृत ढुङ्गानाले डिजिटल प्रविधिको विकास अहिलेको चर्चाको विषय रहेको बताए ।

## भैरहवा विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गर्न माग



■ प्रभाव संवाददाता

**काठमाडौं–** संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालनका लागि आवश्यक नीतिगत काम तत्काल अघि बढाउन मातहतका सम्बन्धित निकायलाई निर्देशन दिएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा सोमबार सरोकारवालासँगको छलफलका क्रममा पर्यटनमन्त्री सुदन किरातीले गौतमबुद्ध विमानस्थलमा केही आधारभूत सुधारसहित विमानस्थल पूर्ण क्षमतामा सञ्चालनका लागि मातहत निकायलाई आग्रह गरे । उनले विमानस्थललाई पूर्ण क्षमतामा सञ्चालन गर्न आवश्यक समन्वय र सहजीकरणका लागि पनि सम्बन्धित निकायलाई निर्देशन दिए ।

लुम्बिनी प्रदेशका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संघीयताको मर्म र भावनाअनुरूप विमानस्थल पूर्णरूपमा सञ्चालन गरिनुपर्नेमा जोड दिए । मुख्यसचिव डा वैकुण्ठ अर्यालले विमानस्थलको प्रभावकारी सञ्चालनका लागि सरकारले आवश्यक सहयोग र सहजीकरण गर्ने विश्वास व्यक्त गरे ।

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक हंशराज पाण्डेले विमानस्थलको विद्यमान अवस्थाबारे जानकारी गराएका थिए । सहभागी वायुसेवा सञ्चालक तथा पर्यटन व्यवसायीले विमानस्थलमा जहाजको उडान संख्या बढाउन र पर्यटकलाई राहत प्याकेजको व्यवस्था गर्न आग्रह गरेका थिए ।

विमानस्थलको प्रभावकारी सञ्चालनका लागि संघ र प्रदेश सरकारबीच समन्वय तथा सहजीकरण गर्ने विषयमा मन्त्रालयले प्रतिबद्धता जनाएको मन्त्रालयका सहसचिव बुद्धिसागर लामिछानेले जानकारी दिए ।

छलफलमा पर्यटनमन्त्री किराती, पर्यटन राज्यमन्त्री सुशीला सिर्पाली ठकुरी, मुख्यसचिव डा अर्याल, नेपाल नागरिक उड्डयन प्राधिकरणका पदाधिकारी, साथै नेपाल वायुसेवा निगम, निजी वायुसेवा सञ्चालक कम्पनी, लुम्बिनी प्रदेशका होटल व्यवसायी, सिद्धार्थ उद्योग वाणिज्य संघका प्रतिनिधिको उपस्थिति थियो ।

## व्यवसाय चलायमान बनाउन महोत्सव

■ प्रभाव संवाददाता

**गलकोट (बागलुङ)–** बागलुङ उद्योग वाणिज्य संघले चार वर्षपछि बागलुङ महोत्सवको आयोजना गर्दैछ । संघको आयोजनामा यही पुस ११ देखि २१ गतेसम्म ‘बागलुङ महोत्सव-२०८०’ हुन लागेको हो ।

यसअघि विसं २०७६ मा महोत्सव आयोजना गरिएको थियो । विगतका वर्षमा गरिएका महोत्सवले यहाँको बजार तथा व्यापार फस्टाउँदै आएको थियो । महोत्सवले व्यवसायलाई थप चलायमान बनाउने भएकाले तयारीलाई तीव्रता दिइएको आयोजकले जनाएको छ ।

कोरोना कहरपछि सुस्ताएको व्यापार बढाउन महोत्सव फलदायी हुने संघका अध्यक्ष नरेश कँडेलले बताए । महोत्सवलाई गण्डकी प्रदेशस्तरीय पर्यटन, कृषि तथा औद्योगिक व्यापार मेलास्तरमा विकास गर्न लागिएको बताउँदै उनले महोत्सवमा स्थानीय उत्पादनको छुट्टै कक्ष राखिने जानकारी दिए ।

जिल्लामा उत्पादित स्थानीय सुन्तला, गुन्द्रुक, भाँगो र सिस्नोबाट बनेका पाउडरको प्रवर्द्धन गरिने अध्यक्ष कँडेलले बताए । महोत्सवले पर्यटन प्रवर्द्धन र स्थानीय उत्पादनलाई बजारीकरण गर्नका लागि टेवा पुऱ्याउने उनको भनाइ छ । उनका अनुसार महोत्सवमा एक सय २० भन्दाबढी कक्ष रहने छन् । मेलमा रू एक करोड ७० लाख आम्दानी गर्ने र रू एक करोड ४५ लाख खर्च हुने अनुमान गरिएको छ । महोत्सवमा सात लाख दर्शक भित्रिने र रू १० करोडको आर्थिक कारोबार हुने अनुमान गरिएको कँडेलले जानकारी दिए ।

महोत्सवका अवसरमा खुला रिले दोहोरी तथा लाइभ दोहोरी गीत, खुला महिला तथा पुरुष भलिबल प्रतियोगिता, खुला भजन प्रतियोगिता र युवाउद्यमी सम्मेलन गरिने संघका महासचिव ऋषिराम गौतमले बताए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ